का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ पुस २०८१,
बिहीबार
19 December, 2024
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३०० । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com



## माधव–विप्लवको साझा निष्कर्ष

# ‘प्रचण्डले अलमल्याउन मात्र खोजे’

**पार्टी एकताका नाममा पुष्पकमल दाहाल “प्रचण्ड”ले आफूहरूलाई अलमल्याउने नीति मात्र लिएको साझा निष्कर्षमा माधव नेपाल र नेत्रविक्रम चन्द छन्**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ पुस ।

नेकपा (एकीकृत समाजवादी) र नेपाल कम्युनिस्ट पार्टीले नेकपा माओवादी केन्द्रसँग तत्काल एकता नहुने निष्कर्ष निकालेका छन् । एकीकृत समाजवादीको स्थायी समितिको बैठकमा बोल्ने अधिकांश नेताहरूले माओवादीसँग एकता गर्न नहुने बताएका थिए ।

एकताका नाममा अध्यक्ष प्रचण्डले आफूहरूलाई अलमल्याएको एकीकृत समाजवादीका नेताहरू बताउँछन् । एकताका लागि यसअघि नै दुवै पार्टीले वार्ता समिति बनाएका थिए ।

माओवादीको वार्ता समितिका संयोजकमा कृष्णबहादुर महरा थिए । वार्ता समिति सदस्यमा गिरिराजमणि पोखेल र शक्ति बस्नेत थिए । माओवादीसँग एकता गर्न एकीकृत समाजवादीले बेदुराम भुसालको संयोजकत्वमा वार्ता समिति बनाएको थियो ।

सदस्यमा प्रकाश ज्वाला र विजय पौडेल थिए तर दुवै पार्टीको वार्ता समिति सक्रिय हुन सकेन । यसको कारण एकीकृत समाजवादीले प्रचण्डलाई देखाउँदै एकताको पक्षमा नरहेको सन्देश दिएको हो । तर, मोर्चाको रूपमा भने अगाडि बढ्ने एकीकृत समाजवादीको नीति छ ।

ठीक यही निष्कर्षमा नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पृष्ठ २ मा



वामपन्थी एकता वा ध्रुवीकरण माओवादीको नीति हो । यो प्रयास निरन्तर जारी रहने छ

**देव गुरुङ**
**महासचिव**
**नेकपा माओवादी केन्द्र**

# फेरि वामदेव चर्चा

**वामदेव गौतमको दशकौं लामो राजनीतिक जीवनले पार्टीमा पहिलो स्थान कहिल्यै नपाई विश्राम लिने त होइन ?**

### संसद् र सरकार यात्रा

- २०४८ साल : बर्दिया क्षेत्र नं.- १ बाट प्रतिनिधिसभामा विजयी
- २०५१ साल : बर्दिया क्षेत्र नं.- १ बाट विजयी
- २०५६ साल : बर्दिया क्षेत्र नं.- १ मा पराजित
- २०६४ साल : बर्दिया क्षेत्र नं.- १ मा पराजित
- २०७० साल : प्युठान क्षेत्र नं.- १ बाट विजयी
- २०७४ साल : बर्दिया क्षेत्र नं.- १ मा पराजित
- २०७७ साल : राष्ट्रियसभा सदस्य
- २०५३ सालमा उपप्रधान एवं गृहमन्त्री (८ महिना)
- २०६५ सालमा उपप्रधान एवं गृहमन्त्री (९ महिना)
- २०७० सालमा उपप्रधान एवं गृहमन्त्री (२० महिना)

### राजनीतिक यात्रा

- पाल्पाबाट भूमिगत राजनीतिक यात्रा सुरु
- पञ्चालतकालमै रुपन्देही, नवलपरासी र कपिलवस्तुको इञ्चार्ज
- २०३० सालपछि को-अर्डिनेसन केन्द्रमा यसबीच २ वर्ष जेल
- २०३५ सालमा माले गठन, गण्डकी-धौलागिरि इञ्चार्ज
- २०४६ भदौको चौथो महाधिवेशनबाट केन्द्रीय सदस्य
- २०४७ सालयता खुला राजनीतिमा
- २०४७ सालपछि नेकपा एमाले गठन भएसँगै एमाले नेता
- २०५४ सालमा एमाले विभाजन गरी मालेमा बीचमा पुनः एमालेमै फर्किएका
- नेकपा विभाजनपछि ‘स्वतन्त्र’
- हाल ‘पार्टी एकता राष्ट्रिय अभियान’का संयोजक



**समाचार टिप्पणी**

**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, ३ पुस ।

वामदेव गौतम र ‘चर्चा’ पर्याय थिए कुनैबेला । राजनीतिक दलहरू भूमिगत भएका समयमा अर्थात् निर्दलीय पञ्चायती व्यवस्थामा पनि उनी राजनीतिक वृत्तमा कताकता चर्चामै रहन्थे । बहुदलीय व्यवस्था पुनर्स्थापनापछिका अधिकांश समय त उनी नेपाली राजनीतिको केन्द्रमै चर्चाका पात्र बनिरहे ।

नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समय बिताएका वामदेवबारे उनलाई नजिकबाट चिन्ने, जान्नेहरूले रमाइला टिप्पणी बनाइरहन्छन् । जंगी, हक्की र प्रस्ट स्वभावका वामदेवले बोलेका विषय र सन्दर्भ अनि शब्दलाई लिएर नेपाली राजनीतिक वृत्तमा एक प्रकारको रमाइलो माहोल नै बन्ने गर्छ । वामदेव भन्नु र ‘चलायमान’ अर्थात् ‘डाइनामिक’ भन्नु पनि उस्तैउस्तै बनेको हो कुनै समय । यति विधि चलायमान थिए वामदेव कि नेपाली राजनीतिमा उनको ‘हलचल’ले स-सानो भूकम्प सिर्जना गरिदिन्थ्यो ।

विशेषगरी २०४७ सालपछि नेपाल कम्युनिस्ट पार्टी (एमाले) निर्माण भएपछि एमालेभित्रको शक्ति संघर्षमा प्रायः अघि सर्ने व्यक्ति हुन् वामदेव । मदन भण्डारीदेखि माधव नेपाल हुँदै केपी ओलीसम्म एमाले नेतृत्व आइपुग्दा एमालेभित्रको गुट समीकरणमा गतिलो प्रभाव छाड्ने वामदेव कहिल्यै पार्टी सत्तामा पुग्न भने सकेनन् । पृष्ठ २ मा

# परराष्ट्रमन्त्री राणा दिल्लीतर्फ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस ।

परराष्ट्रमन्त्री डा. आरजु राणा भारत गएकी छन् । युरोप भ्रमणमा रहेकी उनी बुधबार दिउँसो भारत प्रस्थान गरेकी हुन् ।

प्रधानमन्त्री केपी ओलीको आसन्न भारत भ्रमणको तयारी स्वरूप उनी भारत गएकी हुन् ।

दिल्लीमा मन्त्री राणाले भारतका विदेशमन्त्री एस जयशंकरदेखि उच्च तहका व्यक्तिहरूसँग भेटघाट गर्ने कार्यक्रम छ । साथै, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट गर्ने तयारी भइरहेको परराष्ट्र स्रोत बताउँछ ।

परराष्ट्रमन्त्री राणा बेल्जियम, नेदरल्यान्ड्स र लक्जेम्बर्गको भ्रमणपश्चात् जर्मनीको भ्रमणमा थिइन् । उनी जर्मनीबाटै सिधै भारततर्फ प्रस्थान गरेकी हुन् । जर्मनीमा रहँदा उनले यौनिक र लैंगिक अल्पसंख्यकहरूको अधिकारसम्बन्धी सम्मेलन, २०२४ मा सहभागिता जनाएकी थिइन् ।

> सत्ता साझेदार दल नेपाली कांग्रेसभित्र चीनसँग भएको बेल्ट एन्ड रोड (बीआरआई) सहकार्य फ्रेमवर्क सम्झौतालाई लिएर बहस भइरहेका बेला परराष्ट्रमन्त्री राणाको भारत भ्रमण हुन लागेको हो

त्यस अवसरमा परराष्ट्रमन्त्री राणाले लैंगिक अल्पसंख्ययकहरूले विश्वभर सामना गर्नुपरेका हिंसा, उत्पीडन र प्रणालीगत असमानताका चुनौतीहरूबारे चर्चा गरेकी थिइन् ।

भारतमा हुने आर्थिक सम्मेलनमा परराष्ट्रमन्त्री राणाले सम्बोधन गर्ने कार्यक्रम छ । नेपाल समसामयिक अध्ययन केन्द्र र भारतको फाउन्डेसन फर इकोनोमिक ग्रोथ एन्ड वेलफेयर (एग्रो)को आयोजनामा शुक्रबार हुने सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम तय भएको छ ।

मन्त्री राणाको भारत भ्रमणको पूर्वसन्ध्यामा मंगलबार परराष्ट्र मन्त्रालयका निमित्त सचिव अमृतबहादुर राई र नेपालका लागि कार्यवाहक भारतीय राजदूत प्रसन्न श्रीवास्तवबीच भेटघाट भएको छ ।

भेटघाटमा परराष्ट्रमन्त्री राणाको भारत भ्रमणलगायत विषयमा कुराकानी भएको छ ।

भारतीय संचार माध्यमले पृष्ठ २ मा



## आजको खेल

NPL Nepal Premier League

जनकपुर बोल्टस VS कर्णाली याक्स

बिहान १२:१५ बजे

## वैदेशिक रोजगार विशेष

# ‘कामदारको अधिकार र सुरक्षामा इमान्दार होऔं’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्‌सिंह भण्डारीले नेपाली कामदारको सुरक्षाका लागि वैदेशिक रोजगारका सरोकारवाला सबै पक्ष इमान्दार हुनुपर्ने बताएका छन् ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा मूल समारोह समितिले राजधानीमा बुधबार आयोजना गरेको कार्यक्रममा मन्त्री भण्डारीले वैदेशिक रोजगारीलाई खराब भनेर दुत्कार्ने प्रवृत्तिलाई परिवर्तन गरेर नेपाली युवा-युवतीले आर्जन गरेको सीप र पुँजीलाई मुलुकको विकासमा प्रयोग गर्ने उपयुक्त समय आएको बताए ।

आफू मन्त्री भएपछि सुधारका लागि धेरै पटक प्रयास गरेको तर सरोकारवाला पक्ष सबैले त्यसका लागि आवश्यक इमान्दारी नदेखाएका पनि मन्त्री भण्डारीले गुनासो गरे ।

उनले भने, ‘जापानमा विद्यार्थी भिसामा गएका ५५ हजार नेपाली श्रमिक छन् । हप्तामा २८ घण्टा काम गरेर उनीहरूले लगानी उठाउन र बालबालिका पाल्न समस्या छ । कोरियामा पानीजहाज निर्माणको काममा नेपाली कामदारको डिमान्ड छ । नेपाली कामदार पठाउने प्रक्रिया अगाडि बढाऔं भन्दा चर्को पृष्ठ २ मा

## आकर्षणको जनचेतनामूलक प्रभातफेरी

**काठमाडौं/मस–** वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था आकर्षण इन्टरनेसनल प्रा. लि.ले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा जनचेतनामूलक प्रभातफेरी सम्पन्न गरेको छ ।




उक्त म्यानपावर कम्पनीका अध्यक्ष विष्णु के. सी. तथा म्यानेजिङ डाइरेक्टर मिलन थापाको नेतृत्वमा आकर्षण भवन शम्भुमार्गबाट सुरु भएको प्रभातफेरीमा कम्पनीका कर्मचारी, वैदेशिक रोजगारीबाट फर्केका कामदार सहभागी थिए ।

सहभागीहरूले आप्रवासी र आश्रित परिवारको संरक्षण गरौं, सामाजिक सुरक्षा कोषमा योगदान, आफू र आश्रित पृष्ठ २ मा

## युवा व्यवसायी श्रेष्ठ सम्मानित



**काठमाडौं/मस–** युवा व्यवसायी अजयकुमार श्रेष्ठ सम्मानित भएका छन् । नेपाल सरकारबाट इजाजत प्राप्त वैदेशिक रोजगार कम्पनी ग्लोकल वर्कफोर्स नेपाल प्रा.लि.का चेयरम्यान श्रेष्ठलाई ‘राष्ट्रिय गौरव सम्मान, २०२४’ बाट सम्मानित गरिएको हो ।

नेपाल टेलिभिजनबाट सचेतना कार्यक्रम संचालन गर्दै आएको ग्लोरी मिडियाले सो कार्यक्रम प्रसारण भएको १५ वर्ष पुगेको अवसर पारेर गत साता ग्लोरी किड्स एन्ड टिन टयालेन्ट, २०२४ को ग्रान्ड फिनाले एवं ‘राष्ट्रिय गौरव सम्मान’ पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

४ पुस २०८१, बिहीबार
19 December 2024, Thursday

# दुर्गा प्रसाईंलाई अदालतमा उपस्थित गराउन आदेश



**काठमाडौं/मस-** सर्वोच्च अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई अदालतमा उपस्थित गराउन आदेश दिएको छ। बन्दीप्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश सुनिल कुमार पोखरेलको इजलासले प्रसाईंलाई अदालत उपस्थित गराउन आदेश दिएको हो ।

जिल्ला अदालतले धरौटीमा छोड्न आदेश दिएपनि गैरकानुनी रूपमा हिरासतमा राखेको भन्दै प्रसाईंका छोरा निराजन प्रसाईंले सर्वोच्चमा रिट दायर गरेका थिए। रिटमाथि बुधबार प्रारम्भिक सुनुवाइ गर्दै प्रसाईंलाई हिरासतमा राख्नुको कारण र बन्दीसहित उपस्थित हुन आदेश दिएको हो ।

सीआईबी, प्रहरी प्रधान कार्यालय नक्साल, नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार र काठमाडौं जिल्ला अदालतलाई रिटमा विपक्षी बनाइएको छ । साइबर अपराधमा पक्राउ परेका प्रसाईंलाई यसअघि जिल्ला अदालत काठमाडौंले धरौटीमा छोड्न आदेश दिएको थियो । धरौटीमा छोड्न आदेश दिएपनि उनीमाथि अर्को मुद्दा अनुसन्धानकै क्रममा रहेकाले लगत्तै पक्राउ परेका थिए। हाल प्रसाईंमाथि भारतीय आपराधिक समूहको नाममा व्यवसायीलाई धम्क्याएर पैसा मागेको आरोपमा अनुसन्धान भइरहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको मानमर्दन हुनेगरी झुठो र भ्रामक समाचार सम्प्रेषण गरेको आरोपमा उनी ५ मंसिरमा पक्राउ परेका थिए। प्रसाईंले किर्ते कागजात देखाएर प्रधानमन्त्री ओलीको कम्बोडियास्थित स्मार्ट एक्जिएटा टेलिकम कम्पनीमा लगानी रहेको भ्रम फिजाउँदै प्रसाईंले केही कागजात सार्वजनिक गरेका थिए ।

**रिट खारेज**

यसैबीच प्रसाईंले बैंकविरुद्ध अदालतमा दायर गरेको रिट उच्च अदालत विराटनगरको इलाम इजलासले खारेज गरेको छ। यससँगै उनले बैंकबाट लिएको ऋण असुल्न बैंकहरूलाई सहज भएको छ ।

मुख्य न्यायाधीश विपुल न्यौपाने र न्यायाधीश काजीबहादुर राईको इजलासले रिट खारेज गरेको उच्च अदालतका प्रवक्ता युगेन काजी बान्तवाले जनाए । उनका अनुसार बैंकले ऋण असुल गर्न ताकेता गरेपछि प्रसाईंले उच्च अदालत विराटनगर, इलाम इजलासमा निषेधाज्ञाको मागसहित २०८० असार ८ गते रिट दायर गरेका थिए ।

कुमारी बैंकको शाखा कार्यालय विर्तामोडसहित चार वटा बैंकलाई प्रतिवादी बनाएर प्रसाईंले निषेधाज्ञाको मागसहित रिट दायर गरेका थिए । यो रिटमा इलाम इजलासले २०८० असार १० गते कारण देखाऊ आदेश जारी गरेको थियो । १८ पटक पेशी चढेको यो रिटको सुनुवाइ ९ पटक स्थगित भएको थियो ।

# अधिकार संरक्षणमा पर्याप्त लगानी गर्न आयोगको आग्रह

**काठमाडौं/मस-** राष्ट्रिय मानवअधिकार आयोगले आप्रवासी श्रमिकको अधिकार संरक्षणमा पर्याप्त लगानी गर्न आग्रह गरेको छ । अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा बुधबार एक विज्ञप्ति जारी गर्दै आयोगले नीतिगत व्यवस्था गरी आप्रवासनका समसामयिक समस्याको न्यायोचित सम्बोधन गर्न आग्रह गरेको हो ।

'आप्रवासनलाई सुरक्षित, मर्यादित र नियमित बनाउनेतर्फ परिणाम देखिनेगरी पहल कदमी लिन, घरेलु श्रमिक महिलाको अधिकारको संरक्षण गर्न सरकार र सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा आयोग आग्रह गर्दछ', आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आप्रवासी श्रमिकको अधिकार संरक्षणमा अर्थपूर्ण योगदान र सहभागिताका लागि सम्पूर्ण सरोकारवालालाई आयोग अनुरोध गर्दछ ।'

आयोगले देशको आर्थिक तथा सामाजिक स्तरोन्नतिमा आप्रवासी श्रमिकहरूको योगदान भए पनि आप्रवासन व्यवस्थापनमा श्रमिकका परिवारले अनुभूत गर्नेगरी अपेक्षाकृत उपलब्धि हुन नसकेको जनाएको छ ।

'सुरक्षित आप्रवासनको आधार, सूचना र सीपसहितको रोजगार' भन्ने नाराका साथ यो दिवस मनाइएको हो । आयोगले आप्रवासी नेपाली श्रमिकको मानवअधिकार संरक्षणका लागि विगत लामो समयदेखि अनुगमन, अध्ययन, अनुसन्धान, उजुरी ग्रहण, गन्तव्य मुलुकहरूका राष्ट्रिय मानवअधिकार संस्थाहरूसँग द्विपक्षीय सम्झौता गरी उजुरी प्रेषण गर्दै आएको छ ।

# समय सुहाउँदो शिक्षा आवश्यक: सांसद पुन



**सुर्य प्रकाश बुढा/मध्यान्ह**
रोल्पा, ३ पुस

लुम्बिनी प्रदेश सभा सांसद दिपेन्द्र कुमार पुनले हामीले समय अनुकुल शिक्षा हासिल गर्न नसकेको बताएका छन् । युएसएआइडी प्राम्भिक कक्षा सिकाइ विद्यालय अनुदान कार्यक्रमको शुभारम्भ गर्दै उनले यसले हामीले आज र भोलिको चुनौतीलाई सामना गर्न नसकिने बताए ।

पुनले भने,'हाम्रा अग्रजहरु भन्नुहुन्छ हामीले रुखको बुटामुनी बसेर, चोयाको भाटाले लेखेर पढेको । पारे कागज, काठको फल्यातमा पढेको र लेखेको । हामीहरु त यहाँसम्म आयौं । तिमीहरू किन अगाडि नबढेको ?,'

सांसद पुनले समयक्रम अनुसारको शिक्षा आवश्यक रहेको बताए । परिवर्तन गाउँपालिका अध्यक्ष सुक बहादुर बुढा मगरले शिक्षा सबैले बदल्ने विषय रहेको बताए । उनले भने, 'तपाईं हामी सबैलाई थाहा छ, शिक्षित भएको मानिसको गाउँ,समाज र परिवार छुट्टै हुन्छ ।'

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेम जि.एमले परिवर्तन गाउँपालिका भित्रको शिक्षा क्षेत्रलाई सुधार गर्न आफूहरू लागिरहेको र युएसएआइडी ढुंगा खोज्दा देउता भेटिए जसरी आएको बताए । परिवर्तन गाउँपालिकाको शिक्षालाई विकास गर्न युएसएआइडी कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्नेमा आफू विश्वस्त रहेको समेत बताए । युएसएआइडी प्राम्भिक कक्षा सिकाइका वरिष्ठ स्थानीय शिक्षा इकाई संयोजक विदुर कुमार थापा मगरले युएसएआइडी प्राम्भिक कक्षा सिकाइ कार्यक्रम परिवर्तन गाउँपालिकामा शुभारम्भ भएसँगै लुम्बिनी प्रदेशको ८४ वटा स्थानीय तहमा कार्यक्रम लागु भएर कार्यान्वयनमा आएको र नेपालको ७ वटा प्रदेशको झण्डै ४ सय ८२ स्थानीय तहहरुमा कार्यक्रम लागु भएर कार्यान्वयनमा आएको बताए ।

रोल्पा जिल्लामा ८ वटा स्थानीय तहमा कार्यक्रमको लागि छनोट भएको बताउँदै बुधबार रोल्पा जिल्लाका स्थानीय तह परिवर्तन गाउँपालिका र सुनिल स्मृती गाउँपालिकामा एकै दिन शुभारम्भ गरिएको समेत उनले बताए । रोल्पामा रोल्पा नगरपालिका र सुकिदह गाउँपालिका बाहेक अन्य स्थानीय तह त्रिवेणी, रुन्टिगढी, लुङग्री, सुनछहरी, थबाङ र माडी गाउँपालिकामा कार्यक्रम लागु हुने र कार्यान्वयनमा आउने समेत उनले जानकारी गराए ।

थापा मगरले भने,' युएसएआइडी कार्यक्रमले शिक्षालाई सवलीकरण तथा क्षमता वृद्धि गर्दै स्थानीय सरकार,प्रदेश सरकार र केन्द्रीय सरकारको नीति नियममा केन्द्रित रहेर बालबालिकाको सिकाइ क्षमतालाई विकास गर्ने उद्देश्य रहेको छ। विशुद्ध बालबालिकाको सिकाइ क्रियाकलापमा केन्द्रित रहेर १६ वटा सिकाइ क्रियाकलाप भित्र रहेर युएसएआइडी कार्यक्रमको अनुदान खर्च गर्नुपर्ने समेत रहेको छ ।'

**प्रचण्डले...**

पार्टी पनि पुगेको छ। कपिलवस्तुको शिवगढीमा २ दिनसम्म चलेको नेकपाको केन्द्रीय कमिटी बैठकले प्रचण्डलाई 'एकताविरोधी'को संज्ञा दिएको छ ।

यसअघिको केन्द्रीय कमिटी बैठकले माओवादी केन्द्रसँग एकता गर्ने निर्णय गरेको र त्यसअनुसार महासचिव विप्लवले प्रचण्डसँग छलफल गरे पनि एकता हुन नसकेको निष्कर्षमा नेकपाका नेताहरू पुगेका हुन् ।

नेकपाले एकता गर्ने निर्णय गरिएको तर प्रचण्डले एकताको विषयमा गम्भीर ढंगले छलफल नै गरेको निष्कर्षमा नेकपाका नेताहरू पुगेका हुन् । नेकपाले पनि माओवादीसँग तत्काल एकता नभए तापनि सहकार्य जारी राख्ने भनेको छ ।

अर्थात्, पार्टी एकताका नाममा प्रचण्डले आफूहरूलाई अलमल्याएको साझा निष्कर्षमा माधव नेपाल र विप्लव पुगेका हुन्।

३ पार्टी सम्मिलित समाजवादी मोर्चा भने जीवित छ तर पछिल्लो समय समाजवादी मोर्चा क्रियाशील छैन। यहीबेला एकीकृत समाजवादी र नेपाल कम्युनिस्ट पार्टीले प्रचण्डले एकताका नाममा आफूहरूलाई अलमल्याएको निष्कर्ष निकालेका हुन् ।

तर, माओवादी केन्द्रका महासचिव देव गुरुङ सकेसम्म सबै वामपन्थी दलहरूको ध्रुवीकरणको पक्षमा आफूहरू रहेको बताउँछन् । वामपन्थी दलहरूलाई एकीकृत गर्ने प्रयास केही लामो भए तापनि निरन्तर जारी रहने उनको जबाफ छ ।

उनी भन्छन्, 'वामपन्थी एकता वा ध्रुवीकरण माओवादीको नीति हो । यो प्रयास निरन्तर जारी रहने छ ।'

**फेरि...**

मदन भण्डारीले उहिल्यै भनेका थिए रे, 'वामदेवलाई पार्टीको पहिलो जिम्मेवारी पनि नदिनू, साह्रै तल पनि नराख्नू ।'

वामदेवको अस्थिर, लहडी र मूढे स्वभावप्रति मदन ऊबेलै परिचित थिए भन्ने यस भनाइले देखाउँछ । यसको पुष्टि पनि भयो २०५४ सालमा आएर । वामदेवकै पहलमा एमाले विभाजित भयो र माले बन्यो ।

२०५६ सालको आमनिर्वाचनमा करिब ७ लाख मत प्राप्त गर्दागर्दै लज्जास्पद शून्य सिट पाएपछि 'पुनः मुसिको भवः' शैलीमा वामदेवहरू मूल पार्टी अर्थात् एमालेमै फर्किन बाध्य भए ।

तर, उनीलगायत एमालेमा फर्किंदा सीपी मैनालीलगायत नेताहरूलाई भने एमालेमा फर्काउन सकेनन् ।

आखिर त्यसबेला पार्टी फुट्नुको कुनै गम्भीर राजनीतिक कारण थिएन, न त वैचारिक/दार्शनिक कारणले नै फुटेको थियो एमाले । वास्तवमा 'महाकाली सन्धि'लाई बहाना बनाएर पार्टीभित्र नेतृत्वको 'जुँगा तानातान'को परिणाम थियो एमाले विभाजन र त्यसको अगुवाइ गरेका थिए वामदेवले । सँगै थिए सहाना प्रधान, आरके मैनाली, सीपी मैनालीहरू ।

उसो त, तत्कालीन प्रभावशाली युवा नेताहरू योगेश भट्टराई, घनश्याम भुसालहरू पनि वामदेव, सीपीहरूसँगै 'सती' गएकै हुन् । एमालेका दर्जनौं 'अपराध' लिखित रूपमै सार्वजनिक गर्ने भट्टराईहरू भलै माधव नेपाल, झलनाथ खनालहरूलाई केपी ओलीबाट अलग्याएर आफू ओलीकै छत्रछायामा रमाइरहेका छन् । भुसाल भने अन्ततः नेपाल र खनालसँगै छन् महत्त्वपूर्ण जिम्मेवारी महासचिवमा- नेकपा (एकीकृत समाजवादी)को ।

उनीहरूलाई 'इमान', 'आदर्श' र 'नैतिकता' जोगाउने ठूलो पीर देखिन्छ । यही भएर त उनीहरू आफ्ना लाज लुकाउँदै आँखा छोपेर 'केपी ओली जिन्दावाद' भनिरहेकै छन् ।

तर, पार्टी एकता जोगाउने अन्तिम प्रयास पनि बाँकी नै राखेका वामदेवले भने एमाले विभाजित नहुन्जेल एमाले परित्याग गरेनन् । विभाजित भएको पनि केही समय पर्खिएर बसे- कतै पुनर्मिलन हुन सक्छ कि भनेर ।

तर, त्यो संभावना नदेखेपछि वामदेवले अन्तत एमालेका सबै जिम्मेवारीबाट राजीनामा दिएको घोषणा मात्र गरेनन्, लिखित रूपमा एमाले कार्यालय सचिव समक्ष सहयोगीमार्फत राजीनामा बुझाए।

उनले यसो गरेर सही वा गलत के गरे, त्यो इतिहासले बताउला तर जब आफ्ना आदर्श, सिद्दान्त र मूल्य, मान्यतामा कुनै पनि संस्था रहन सक्दैन भने इमान्दार व्यक्ति त्यस संस्थामा बसिरहन पनि हुँदैन। भलै, वामदेव स्वयं कतिको इमान्दार थिए/छन् भन्ने आमबुझाइ आफ्नै किसिमको होला ।

वामदेवले राजीनामापत्रमा एमालेभित्र अध्यक्ष ओलीको अहं, कुण्ठा, आग्रहले प्रश्रय पाएको तर विधि, विधान र इमान्दारी नभएकाले पार्टी परित्याग गरेको बताएका थिए ।

सरसर्ती हेर्दा भने वामदेवका ओलीप्रतिका आरोप गलत हुन् भन्ने लाग्दैन । विगतमा अर्थात् २०५४ सालमा एमाले विभाजनमा पनि ओलीले तत्कालीन महासचिव माधवकुमार नेपालका पक्षमा रहेर सीपी, वामदेवहरूलाई एमालेबाट पाखा लगाएकै हुन् ।

त्यसबेला माधव नेपाललाई बुरुकबुरुक उचालेर आफ्ना विरोधी (प्रतिस्पर्धी ?)हरूलाई पाखा नलगाएका भए ओली सायदै आज एमालेका अध्यक्ष बन्ने थिए । र, सायदै ४ पटक प्रधानमन्त्रीको कुर्सीमा बस्थे ।

आज आएर उनै माधव नेपाललाई एमालेबाट पाखा लगाएर आफ्ना आसेपासे, भक्तजनहरूलाई काखी च्यापेर पार्टीमा मस्ती गर्न सफल बनेका छन् ओली ।

हिजो ओलीका विरुद्ध निकै उग्र बनेका भीम रावल, योगेश भट्टराई, सुरेन्द्र पाण्डे आदि प्रवृत्तिलाई ओलीले कुन मन्त्र पिलाए र आफ्नै काखीमा राख्न सफल भए ? भन्ने आमचासो छँदै छ ।

तर, राजनीतिक बजारमा विश्लेषण भइरहेको थियो कि ती '१० थान'हरूको ओलीसँग अघोषित सम्झौता थियो- माधव नेपाल र झलनाथ खनालहरूलाई एमालेबाट पाखा लगाउने । सोही जिम्मेवारी पूरा गर्न रावल, पाण्डे, भुसाल, भट्टराईहरू उफ्रिएका थिए ओलीविरुद्ध । अन्ततः उनीहरू सफल भए अर्थात् ओलीलाई उनीहरूले सफल बनाए अभीष्टमा।

तर, के एमालेचाहिँ सफल बन्यो त ? प्रश्न यो हुनुपर्थ्यो पार्टीमा ।

यो प्रश्नको जबाफ भने अत्यन्त निराशाजनक आउँछ । अवश्य पनि एमाले पूर्ण रूपमा असफल भयो विभाजित बनेर । त्यसो त, विभाजित बन्नुअघि नै प्रस्ट बहुमतको आफ्नै सरकार ढालेर एमाले असफल भइसकेकै थियो ।

कुरा वामदेव गौतमकै गरौं ।

नेकपा हुँदै प्रचण्ड, माधव र ओलीबीचको फाटो मिलाउने प्रयास भइरहेकै थिए । त्यसमा पनि अघोषित रूपमा वामदेवलाई नै मोहरा बनाइयो ।

त्यसबेला नेकपामा भइरहेको 'खिचातानी'का बीचमै जन्मिएको थियो, भैंसेपाटी गठबन्धन । केपी ओलीलाई अप्ठ्यारोमा पार्न र शक्ति आफूमा केन्द्रित गर्न प्रचण्डलगायत असन्तुष्ट पक्षहरू माधव नेपाल, वामदेव गौतम, झलनाथ खनाल आदि सम्मिलित उक्त गठबन्धन ओलीका लागि निकै सकसपूर्ण हुने ठानिएको थियो ।

त्यसबेला यसको ठूलै असर नदेखिए पनि अहिलेसम्म आइपुग्दा त्यसको प्रभावकारी असर देखिएको छ । नेकपा विभाजन भई एमाले र माओवादी केन्द्र ब्युँतिँदा होस् वा एमाले विभाजनको आधार 'भैंसेपाटी गठबन्धन'ले आधार प्रदान गरेको प्रस्टै छ ।

उक्त भेलामा सभामुख माओवादी पक्षलाई दिलाउने, वामदेवलाई राष्ट्रियसभामा ल्याएर संविधान संशोधनमार्फत राष्ट्रियसभा सदस्य हुँदै प्रधानमन्त्री बन्ने बाटो खुला गर्ने र वामदेवलाई प्रधानमन्त्री बनाउनेलगायतका निर्णय भएका बाहिर आएका थिए।

आखिर सोहीअनुसार माओवादीबाट अग्निप्रसाद सापकोटा सभामुख बनाइए भने वामदेवलाई राष्ट्रियसभामा पनि लगियो । तर, प्रधानमन्त्री वामदेवलाई बनाउने कुनै बाटो थिएन किनभने केपी ओली 'बरु भाँचिने, ननिहुरिने' अडानमा थिए र गरे पनि त्यस्तै, भयो पनि त्यस्तै ।

वामदेवलाई राष्ट्रियसभामा लैजाने प्रस्तावमा पनि केपी ओली सकारात्मक थिएनन् । उनले 'पार्टी सचिवालयको निर्णय मान्दिनँ' भनेका थिए । यसरी सचिवालयकै निर्णय मान्दिनँ भन्ने अहं र दम्भ भएका कम्युनिस्ट पार्टीका नेतृत्व सायद केपी ओली नै थिए ।

यसकै दुष्परिणाम ओलीले आजसम्म भोगिरहेका छन् । एकपछि अर्को भड्खालोबाट बचेर हिँड्न ओलीलाई अहिले निकै गाह्रो छ ।

यसबीचमा वामदेव धेरै पटक 'मोहरा' बनाइए । कहिले प्रचण्डले त कहिले माधवले वामदेवलाई अघि सारिरहे । उनका नाममा राजनीतिक अभीष्ट पूरा गर्ने खेल खेलिरहे ।

पछिल्लो समय जब माधव नेपाल ओलीबाट क्रमशः लखेटिँदै जान थाले, माधवले पुनः वामदेवलाई नै रोजे मोहराका लागि। वामदेवको अनौठो विशेषता के छ भने, उनी सानै कुरामा छिट्टै 'प्रफुल्ल' बनिदिन्छन् र 'प्रयोग' भइरहन्छन् । तत्कालीन एमाले, नेकपा वा पछिल्लो एमालेकै लफडाका सन्दर्भमा पनि वामदेव पटकपटक प्रयोग भइरहे ।

एमाले विभाजन गरेर बनाएको माले संचालन गर्न अक्षम भई एमालेमा पुनः भारी बिसाएका दिनदेखि एमालेमा कसलाई नेता बनाउने भन्ने प्रमुख खेलाडी र अखटो पनि वामदेव बने। बुटवलमा सम्पन्न आठौं अधिवेशनमा झलनाथ खनाललाई पार्टी अध्यक्ष बनाउने जस वामदेवलाई नै जान्छ ।

नवौं अधिवेशनमा केपी ओलीलाई वामदेवको साथ नरहेको थियो भने बुटवलको नियति ओलीले भोग्ने निश्चित थियो र माधव नेपाल अध्यक्ष हुने पक्कापक्की थियो ।

तत्कालीन नेकपाभित्रको गठजोड र आन्तरिक 'खुराफात' केलाउँदा प्रचण्ड, नेपाल र खनालले 'वामदेव कार्ड'को राम्रै सदुपयोग गरेका देखिन्छ। प्रधानमन्त्रीको कुर्सी देखाएर वामदेवलाई अघि बढाएर ओलीको 'सेखी झार्ने' अभीष्ट पूरा गर्ने दाउमा प्रचण्ड-नेपाल-खनाल देखिएका थिए। तर, अन्ततः माधव एक्लैले ओलीलाई प्रधानमन्त्रीको कुर्सीबाट भ्वाक्कै झारिदिए ।

वामदेव 'जबर्जस्त' राष्ट्रियसभामा तानिएका भए पनि उनको प्रधानमन्त्रीको अभीष्ट त के पूरा हुनु, मन्त्रीको अवसर समेत प्राप्त गरेनन् ।

अहिले वामदेवले एमाले परित्यागको घोषणाको अवस्थामा छन्। उनी माधव नेतृत्वको नेकपा (एकीकृत समाजवादी)मा जाने चर्चा भइरहेको छ । उता, नेकपा (एस)ले भर्खरै स्थायी कमिटी गठन गरिसकेको छ। विभिन्न विभागहरू पनि टुंग्याएको छ। वामदेवको स्थान नेकपा (एस)मा के हुने भन्ने पनि टुंगो लागेको छैन ।

'पार्टी एकता राष्ट्रिय अभियान' भनेर नेपालका कम्युनिस्ट पार्टीहरूलाई एक बनाउने अभियानका संयोजक बनेका गौतमले यसबीचमा कुनै उत्पादक उपलब्धि हात पार्न सकेनन् । राजनीतिक चर्चाबाट अलग हुन नसक्ने गौतमलाई पुनः 'फोरम' चाहिएको आभास हुन्छ उनको सक्रियता देख्दा। उनी अहिले नेकपा एससँग नजिकिने प्रयासमा छन् र उपयुक्त भूमिकाका लागि अध्यक्ष माधवकुमार नेपालसँग भेटघाटमा छन् ।

वामदेव गौतमको दशकौं लामो राजनीतिक जीवनले पार्टीमा पहिलो स्थान कहिल्यै नपाई विश्राम लिने त होइन ?

**परराष्ट्रमन्त्री...**

भारतीय समकक्षी जयशंकरसँग मन्त्री राणाले भेट्न सक्ने उल्लेख गरेका छन् ।

समाचार एजेन्सी एएनआईले आउँदो जनवरी दोस्रो साता प्रधानमन्त्री ओलीले भारतको भ्रमण गर्न सक्नेगरी प्रस्तावित मितिमा २ मन्त्रीबीच छलफल हुने उल्लेख गरेको छ ।

मन्त्री राणा युरोप प्रस्थान गर्दा दिल्ली जाने कार्यक्रम बनिसकेको थिएन। उनी युरोप जाँदा ५ पुसमा नेपाल फर्किने कार्यक्रम थियो ।

उनी युरोपमै छँदा भारत जाने कार्यक्रम तय भएपछि उनी १ दिन ढिलो शनिबार नेपाल फर्किने छन्।

सत्ता साझेदार दल नेपाली कांग्रेसभित्र चीनसँग भएको बेल्ट एन्ड रोड (बीआरआई) सहकार्य फ्रेमवर्क सम्झौतालाई लिएर बहस भइरहेका बेला परराष्ट्रमन्त्री राणाको भारत भ्रमण हुन लागेको हो ।

प्रधानमन्त्री ओलीले १७-२० मंसिरसम्म चीनको औपचारिक भ्रमण गरेका थिए। भ्रमणका क्रममा २ देशबीच बीआरआई फ्रेमवर्क सम्झौतामा हस्ताक्षर भएको थियो।

चीनबाट फर्किएलगत्तै परराष्ट्रमन्त्री राणा लामो समयका लागि युरोप भ्रमणमा निस्किएकी थिइन् ।

राणाले यसअघि २ भदौमा भारतको ५ दिने औपचारिक भ्रमण गरेकी थिइन् । उपचारका लागि भारत जाने भनिए पनि त्यस भ्रमणलाई भारतले द्विपक्षीय बनाएको थियो । भ्रमणका क्रममा समकक्षी जयशंकरसँग छलफल हुनुका साथै प्रधानमन्त्री मोदीसँग पनि भेट भएको थियो । दिल्लीले उनलाई निकै महत्त्व दिएको थियो ।

**कामदारको...**

होहल्ला हुन्छ । युरोपेली मुलुकको माग अनलाइनबाट प्रमाणीकरण गरौं भन्दा पनि उस्तै अविश्वास देखाइन्छ ।'

मन्त्री भण्डारीले श्रम गर्ने युवाशक्ति पलायन भएको र नेपालमा केही पनि हुँदैन भन्ने टिप्पणी जतासुकै सुनिने गरिएको तर त्यस्ता टिप्पणी गलत भएका बताए ।

उनले खाडी, मलेसिया र कोरियाबाट सीप, पुँजी र प्रविधिसहित फर्किने धेरै भएकाले त्यसलाई सदुपयोग गरेर नेपाल सम्पन्न हुने संभावना रहेकाले त्यसको प्रचारप्रसार हुनु आवश्यक रहेको धारणा राखे ।

मन्त्री भण्डारीले नेपालमा रोजगारी नपाएर विदेशिनुपरेको भन्ने भनाइ पनि सत्यमा आधारित नभएको दाबी गरे । उनले भने, 'निर्माण क्षेत्रमा २६ लाखको रोजगारी छ । २ लाख रुपैयाँमा २ वटा भैंसी किनेर दूध बेच्दा मासिक ५० हजार रुपैयाँ हात पर्ने अवस्था छ । तर, दलाललाई ३ लाख बुझाएर ४०-५० हजारको रोजगारीमा जाने प्रवृत्ति व्यापक छ। म त भन्छु, भैंसी किन, विदेश नजाऊ ।'

मन्त्री भण्डारीले स्वास्थ्य परीक्षण र टेलिमेडिसिन प्रभावकारी बनाउने, रिक्रुटमेन्ट फ्री परिभाषित गर्ने, स्वास्थ्य परीक्षण रिपोर्टलाई डिजिटाइजेसन गर्नेजस्ता सुधारका काम भइरहेको भन्दै वैदेशिक रोजगार फ्री हुन्छ भन्ने मान्यतामा पनि पुनर्विचार आवश्यक रहेको पनि बताए ।

मौद्रिक नीतिले वैदेशिक रोजगारीमा जाने कामदारलाई बिनाधितो ऋण दिने भनेकाले वैदेशिक रोजगारको लागत यकिन गर्ने विषयमा गैरसरकारी क्षेत्रदेखि सबैको धारणा सार्वजनिक हुन पनि जरुरी रहेको बताए ।

मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले राष्ट्रिय आप्रवासन नीतिबारे विज्ञ समिति बनाएर मन्त्रालयले अध्ययन गरिरहेको जानकारी दिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार नीतिमा अस्थिरता बढेको र त्यसले बेथिति बढाएको भन्दै सुधारका लागि सरकारले इच्छाशक्ति नदेखाएको धारणा राखे ।

वैदेशिक रोजगारीमा गएकामध्ये ४ दशमलव ५ प्रतिशत मात्र शून्य लागतमा र बाँकी ९५ दशमलव ५ प्रतिशत रकम तिरेर गएकाले बुझाइमा एकरूपता नहुँदा सधैं तनावको अवस्थामा रहनुपर्ने भन्दै अध्यक्ष भण्डारीले विदेशस्थित नेपाली नियोगहरूले समयमा मागपत्र प्रमाणीकरण नगरिदिँदा नेपाली हुँदा कामदार ठगिएको दाबी गरे ।

अन्तर्राष्ट्रिय श्रम संगठन नेपाल संयोजक रोनी प्रधान, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय संजालका अध्यक्ष चिरञ्जीवी बराललगायतले सुरक्षित आप्रवासका लागि नीतिगत स्पष्टता र एकरूपतामा जोड दिए ।

त्यसअघि त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभाग र आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आईओएम)ले आयोजना गरेको अर्को कार्यक्रममा मन्त्री भण्डारीले विदेशमा गरेका काम, सिकेका सीप र पुँजीलाई स्वारोजगारमूलक क्षेत्रमा लगानी गरी मुलुकको आर्थिक विकास गर्नुपर्ने बताए ।

मन्त्री भण्डारीले विदेश जानुभन्दा पहिले लिनुपर्ने चर्को ब्याज दर र विदेश गएपछि अकालमा मृत्यु वरण गर्नुपरेको घटनाप्रति सरकार गम्भीर रहेको भन्दै सीप विकास गरी आधिकारिक निकायबाट मात्र वैदेशिक रोजगारीमा जान युवालाई आग्रह गरे ।

श्रम स्वीकृतिबिना अवैध रूपमा विदेश गएर समस्यामा परेका नेपालीको उक्त समस्या दीर्घकालीन समाधान गर्न सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको उल्लेख गर्दै श्रममन्त्री भण्डारीले हरेक स्थानीय तहसँग समन्वय गरेर त्यहाँभित्रका बेरोजगारीको अवस्था, स्थानीय स्तरमा रोजगारीका अवसर सृजना गर्न रोजगारीका लागि युवा कुन देशमा गएका छन्, के सीप सिकेका छन्लगायत जानकारी लिन सुरु गरिसकेको बताए ।

आन्तरिक रोजगारी प्रवर्द्धनका गर्न मन्त्रालयमा आन्तरिक रोजगार महाशाखा स्थापना गरी विभिन्न तालिम तथा रोजगारीको अवसर खोजी भइरहेको भन्दै उनले वैदेशिक रोजगारीका क्रममा गएका श्रमिक मृत्यु भएमा दिइँदै आएको रकम ७ लाखलाई बढाएर १० लाख बनाइएको जानकारी दिए ।

कार्यक्रममा काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. अच्युत वाग्लेले स्वदेशमा रोजगारी सिर्जना गर्ने वातावरण बनाउन सरकार लाग्नुपर्नेमा जोड दिए ।

**आकर्षणको...**

परिवारको कल्याण, आप्रवासी श्रमिकको स्वास्थ्य र सामाजिक सुरक्षाको आधार : व्यवस्थित र सम्मानित वैदेशिक रोजगार जस्ता प्लेकार्ड बोकेका थिए ।

राजधानीको गौशाला चोकमा भएको प्रभातफेरी कार्यक्रमलाई समापन गर्दै अध्यक्ष के. सी.ले आफ्नो कम्पनीले अन्तर्राष्ट्रिय श्रम संगठन र जिम्मेवार व्यावसायिक संघ (आरबीए)लगायत न्यायोचित भर्नाको सिद्धान्त र आचारसंहिताको पूर्ण रूपले परिपालना गरेकाले आप्रवासी श्रमिकको सम्मान र अभिवृद्धिको जनचेतनाका लागि अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा जनचेतनामूलक प्रभातफेरी कार्यक्रम आयोजना गरेको बताए ।

वैदेशिक रोजगारमा गुणस्तरीय व्यवस्थापन प्रणालीको पालना गर्दै निष्पक्षता, पारदर्शिता, सामाजिक जिम्मेवारी र जबाफदेहितामा आधारित रहेर हालसम्म ३० हजारभन्दा बढी नेपालीलाई वैदेशिक रोजगारीमा पठाएको जानकारी दिँदै अध्यक्ष के. सी.ले भविष्यमा पनि यी विषयलाई उच्च प्राथमिकतामा राखेर परिपालना गर्ने प्रतिबद्धता पनि जनाए ।

कम्पनीका प्रवन्ध निर्देशक थापाले आकर्षण इन्टरनेटसनलले वैदेशिक रोजगारीमा जाने कामदारको नैतिक र पारदर्शी भर्नाको अन्तर्राष्ट्रिय मापदण्डहरूको पालनासहित शून्य लागतमा कामदार पठाउने प्रक्रियालाई पालना गरी यसलाई अभियानका रूपमा अगाडि बढाउने मान्यतामा रहेको बताए । सो अवसरमा आकर्षण इन्टरनेसनलबाट तयार पारिएका पर्चाहरू पनि सर्वसाधारणलाई वितरण गरिएको थियो । ती पर्चाहरू सर्वसाधारले अभिरुचिपूर्वक ग्रहण गरेका थिए ।

**युवा...**

कार्यक्रम सम्पन्न गरेको थियो । वैदेशिक रोजगार तथा ट्राभल व्यवसायी श्रेष्ठलाई विगत लामो समयदेखि नेपालको पर्यटन विकास तथा पछिल्लो समय वैदेशिक रोजगारको क्षेत्रमार्फत देश विकासमा खेलेको भूमिकाको उच्च मूल्यांकन गर्दै उक्त सम्मान गरिएको आयोजक दिलेरी मिडियाका अध्यक्ष तथा प्रबन्ध निर्देशक सरोज ओझाले बताए ।

श्रेष्ठ स्वतः ट्राभल्स एन्ड एड्भेन्चरका प्रबन्ध निर्देशक पनि हुन्। व्यवसायी श्रेष्ठलाई मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक तथा वैदेशिक रोजगार पत्रकार समाजका पूर्वअध्यक्ष मदनकुमार श्रेष्ठले सम्मानपत्र प्रदान गरेका थिए ।

**UAE मा रोजगार** TRI CIRCLE TECHNICAL SERVICES LLC

पूर्व स्वीकृती मिति: २०८१/०९/०३ चलानी नं.: ६०२२९८५० LT No.: 313833

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खान/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper (Mep) | 25 | [illegible] | 1200 | 88,800।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ पौष ११ गते (26 Dec., 2024) यस प्रा. लि. को कार्यालय सामाखुशी काठमाडौंमा हुनेछ ।

ईम्पावर ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ११०६/०७३/०७४
टोखा-१०, सामाखुशी, काठमाडौं, फोन: ०१-४९८२७१२, ९७६७२७२४५२, ९७६१८५६९८५
Email:empoweroverseas2074@gmail.com | Web: www.empoweroverseas.com.np

# सरकार अहिले ढल्छ, भरे ढल्छ भनेर धारे हात लगाउनेहरू छन् : प्रधानमन्त्री

**काठमाडौं/मस-**प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक अन्योल, अस्थिरता र भ्रष्टाचारले सीमा नाघेपछि दुई ठूला दलको सहकार्यमा नयाँ सरकार बनाउनु परेको बताएका छन् । नेपाल उत्पीडित जातीय मुक्ति समाजको ३७ औं स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले अघिल्लो सरकारतर्फ लक्ष्य गर्दै कमिलाको आयु पुग्यो भने पखेटा पलाउँछ भने झैं मुलुकका एमाले र कांग्रेसजस्ता पार्टी हुँदाहुँदै कस-कसका के-के नाच चलेका हुन् भनेर जनताले भन्न थालेपछि स्थिरतातर्फ देशलाई फर्काउन आफूहरूले नयाँ सरकार बनाएको स्पष्ट पारे । 'हामी सुशासन र विकास फेरि फर्काएर मुलुकलाई गन्तव्यमा लानेछौं । हाम्रो सरकारलाई सराप्नेहरू पनि नभएका होइनन् । सरकार अहिले




ढल्छ, भरे ढल्छ भनेर धारे हात लगाउनेहरू छन्', प्रधानमन्त्री ओलीले भने ।

कांग्रेस र एमाले पुराना पार्टी भएकाले समाज सुधारको यात्रा सञ्चालन गर्दै आएको उल्लेख गर्दै यनले राजाका पालामा अनेक मुद्दा मामिला लगाएर जनतालाई फसाउने, जातीय विद्वेष फैलाउने काम भएको बताए ।

'हामी मानिस हौं र मानिस भनेको सबै बराबर हुन्छ । जातपात भन्ने नचाहिने कुरा हो । यसको अन्त्यका लागि हामी विद्यमान कानुनमा आवश्यक संशोधनका लागि पनि लाग्नेछौं', प्रधानमन्त्रीले भने ।

प्रधानमन्त्री ओलीले जातीय छूवाछुत र साम्प्रदायिकता घुणास्पद कार्य तथा समाज विकासको ऐजेरु भएकाले यसलाई फेदैमा उखेलेर फाल्न अहिलेको सरकार तत्पर रहेको र जातीय उत्पीडनको काँडा निकाल्न लागि पर्ने बताए ।

असमानता, अन्याय, छूवाछूत र दुःख भोगेर कोही सुख हुन सक्दैन र सुखी हुन असमानता र छूवाछूत हटाउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले संविधानमा आफूहरूले त्यही भएर सामाजिक न्याय र समानताको व्यवस्था गरिएको जनाए ।

'मान्छे एउटै हो । जन्मँदै कोही पनि श्रेष्ठ हुँदैन । जन्मँदै श्रेष्ठ वा ठुलो जातको हो भनिनु मान्य हुँदैन । सरकारले त्यस्ता कुराहरुलाई मान्यता दिँदैन', प्रधानमन्त्री ओलीले भने ।

कार्यक्रममा नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले जातीय समानताको स्थापनाका लागि संविधान र कानुनको पालनाका साथै सामाजिक सुधारका लागि पनि लाग्नुपर्नेमा जोड दिए ।

# जसपा नेपालले पार्टी निर्माणमा जोड दिने

**काठमाडौं/मस-**जनता समाजवादी पार्टी (जसपा) नेपालले पूर्वपश्चिम राजमार्ग क्षेत्रमा पार्टी निर्माणमा जोड दिने भएको छ । पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले राजमार्ग क्षेत्रमा संगठन निर्माणका लागि विशेष ध्यान दिने निर्णय गरेको र प्रदेश समिति र जिल्ला समितिलाई उक्त निर्णय कार्यान्वयनका लागि परिपत्र जारी गरेको छ ।

प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले पार्टीले जिम्मेवारीमा खटाएका केन्द्रीय कार्यकारिणी सदस्य तथा केन्द्रीय अभियन्ताहरुलाई माघ मसान्तसम्म जारी रहने पार्टीको संगठन निर्माण अभियानको अवधीभर आ-आफ्नो कार्यक्षेत्रमा सक्रियातापूर्वक लाग्न पार्टीद्वारा सर्कुलर जारी गरिएको बताए । पालिका समितिमा खटाइएका केन्द्रीय अभियन्ताहरुलाई प्रदेश र स्थानीय तहका पार्टी समितिसँग समन्वय




गरी कार्य गर्न भनिएको उनले बताए । यस्तै पार्टीले विभाग तथा भातृ संगठनहरूको बैठक बोलाएको छ । पार्टीमा १७ वटा विभाग र ११ वटा भातृ संगठनहरू छन् । ती भातृ संगठनहरूको अधिवेशन वैशाखभित्र सम्पन्न गर्ने गरी तयारीका लागि बैठक बोलाइएको हो ।

विभागको बैठक पुस १९ गतेभित्र र भातृ संगठनको पुस १५ गतेभित्र सम्पन्न गर्ने गरी तयारी चलिरहेको छ । बैठकमा समयमा कसरी अधिवेशन सम्पन्न गर्ने भन्ने विषयमा छलफल हुनुका साथै विभाग र भातृ संगठनहरूलाई पार्टीले सञ्चालन गरिरहेको अभियानसँग कसरी जोड्ने भन्ने विषयमा छलफल हुनेछ ।

साथै जसपा नेपालले सञ्चालन गरिरहेको संगठन विस्तार कार्यसँग विभाग तथा भातृ संगठनलाई कसरी जोड्ने त्यस विषयमा पनि छलफल हुनेछ ।

# गृहमन्त्रीद्वारा सिद्धबाबा सुरुङमार्गको निरीक्षण

**बुटवल/मस-** गृहमन्त्री रमेश लेखकले सिद्धार्थ राजमार्गमा पर्ने निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको निरीक्षण गरेका छन् । बुधबार रुपन्देहीबाट पाल्पा जाने क्रममा गृहमन्त्री लेखकले निर्माणधिन सुरुङमार्गको निरीक्षण गरेका हुन् ।

सिद्धबाबा सुरुङमार्गको निरीक्षण गर्दै गृहमन्त्री लेखकले यस आयोजना बनेपछि मुलुक सुरुङ युगमा प्रवेश गर्ने बताए ।

हाइड्रोतर्फ धेरै नै टनेलहरू बनाइएको भए पनि सडक तर्फ नागढुंगा सुरुङ र सिद्धबाबा सुरुङ निर्माण भएकाले यी सुरुङ मार्गहरूको निर्माणले नेपालको सडक क्षेत्रमा सुरुङ युगमा प्रवेश गर्ने उनको भनाइ थियो । सिद्धबाबा सुरुङमार्ग तोकिएकै समयमा सम्पन्न गर्न उनले आग्रह समेत गरे ।

आयोजनाले सार्वजनिक गरेको मंगलबारसम्मको प्रगति प्रतिवेदन अनुसार सुरुङमार्गको भौतिक प्रगति ३५.२५ प्रतिशत पुगेको छ ।

प्रगति प्रतिवेदन अनुसार तीन वटा बाइपास मध्ये १ सय ५१ मिटर लम्बाइ रहेको



पहिलो र १ सय ३० मिटर लम्बाइको तेस्रो बाइपास (क्रस प्यासेज) 'ब्रेक थ्रु' भइसकेका छन् । बाइपास २ को अब ७ मिटर खन्न बाँकी छ ।

आयोजनाका अनुसार मुख्य टनेल ९९७ मिटर खनेर सकिएको सिद्धबाबा सुरुङ मार्ग आयोजनाकी सूचना अधिकारी इन्जिनियर सविता ज्ञवालीले बताइन् । अब ९२ मिटर खनेपछि मुख्य टनेल ब्रेक थ्रु हुने उनले बताइन् ।

# समानताका लागि नारीवादी परराष्ट्र नीति : परराष्ट्रमन्त्री

**काठमाडौं/मस-** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले समानता र सबै अल्पसंख्यक समूहहरूको अधिकारको सुनिश्चितताका लागि नारीवादी परराष्ट्र नीतिको आवश्यकतामा जोड दिएकी छिन् ।

जर्मनीको बर्लिनमा आयोजित समानतासम्बन्धी सम्मेलनमा नारीवादी परराष्ट्र नीतिसम्बन्धी प्यानललाई सम्बोधन गर्दै उनले यो नीतिले रूपान्तरणको प्रतिज्ञा र सम्भावना बोकेकाले यसको अनुशरण आवश्यक रहेको बताएकी हुन् ।

जहाँ पितृसत्ता बढी बहिष्करणमुखी र शक्तिकेन्द्रित हुन्छ त्यहाँ समानताको सिद्धान्तले काम गर्छ भन्दै परराष्ट्रमन्त्री डा. राणाले समानताका अन्य नीतिहरुजस्तै नारीवादी परराष्ट्र नीतिले पनि मेलमिलाप, समभाव र समावेशिता अँगाल्ने धारणा राखिन् । मन्त्री राणले भनिन्, 'नारीवादी




परराष्ट्र नीतिले श्रेणीबद्धता र बहिष्करणमा आधारित पितृसत्तात्मक संरचनालाई चुनौती दिने काम गर्दछ । यो नीतिले समावेशिता, सहानुभूति र समानताका सिद्धान्तहरुलाई प्राथमिकतामा राख्दछ र समग्रमा मानव सुरक्षा भन्ने बृहत अवधारणालाई अघि सार्दै कूटनीतिमा सबैलाई समान रुपमा व्यवहार गर्दछ ।' यो नीतिले आपसी समझदारी र समभावको मान्यतामा रहेर लैंगिक तथा यौनिक लगायत अन्य अल्पसंख्यकहरूको अधिकार र चासोहरुलाई पनि सुरक्षित गर्न सहयोग गर्ने उनको भनाई थियो ।

उनले भनिन्, 'हामीले यौनिक र लैंगिक अल्पसंख्यकहरूको संवेदनशीलताको सम्मान गर्दै नारीवादी परराष्ट्र नीतिलाई पुनर्जीवित गर्न आवश्यक छ । न्याय र समानतामा आधारित समाज निर्माणमा यो सहयोगी सिद्ध हुनेछ ।'

विभेद र अन्यायको अन्त्य गर्न सतही परिवर्तनले मात्र पर्याप्त नहुने भन्दै सामाजिक मूल्य र मान्यताहरूमा आधारित रूपान्तरण गर्नका लागि नीतिमा समानता आवश्यक रहेकोमा उनको जोड थियो ।

# कान्ति अस्पतालको पूर्वाधारमा सघाउन कतारसँग आग्रह



काठमाडौं/मस-स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले देशमा बालबालिकाको उपचार हुने विशिष्टिकृत अस्पताल कान्ति बाल अस्पतालको पूर्वाधार विकासमा सघाउन कतारसँग आग्रह गरेका छन् । बालबालिकाको उपचार हुने देशकै ठूलो सरकारी अस्पतालमा उपचार विस्तार गर्नका लागि भवनसहितका संरचना र पूर्वाधार विकास गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डिपिआर निर्माण गरेर योजना अघि बढाएको छ। यसमा मित्र राष्ट्र कतारबाट नेपालले सहयोग अपेक्षा गरेको मन्त्री पौडेलले बताए ।

कतारी राजदूत मिसाल बिन मोहम्मद अल अन्सारीसँगको भेटका क्रममा मन्त्री पौडेलले बालबालिकाको स्वास्थ्य सुधारलाई सरकारले प्राथमिकता राखेको भन्दै अस्पतालको पूर्वाधार विकासमा कतारबाट साथ अपेक्षा गरेको बताए ।

कतारको विकासमा नेपाली नागरिकको योगदान रहेको चर्चा गर्दै मन्त्री पौडेलले कतारलेसमेत नेपालको विकासमा साथ दिएकामा प्रशंसा गरे ।

कतारी राजदूत अन्सारीले दुई देशबीचको सम्बन्ध असल रहेको भन्दै सहयोगका क्षेत्र विस्तार गर्न चाहेको बताए ।

# अमेरिकी राजदूत सिक्लेसमा



पोखरा/मस-नेपालका लागि अमेरिकी राजदूत डीन थम्पसनले कास्कीको उत्तरपूर्वी पर्यटकीय गाउँ सिक्लेसको भ्रमण गरेका छन् । राजदूत थम्पसन अनौपचारिक भ्रमणको क्रममा सिक्लेसमा रहेकी पिसकोर स्वयंसेवक क्याथलिनलाई भेट्न मादी गाउँपालिका-१ का अध्यक्ष देवीजंग गुरुङले जानकारी दिए । क्याथलिन (काशी) विगत पाँच महिनायता सिक्लेसमा छन् । उनले पर्यटन प्रवर्द्धन र होमस्टे संचालनमा सघाउन स्थानीयलाई अंग्रेजी भाषा सिकाइरहेकी छन् ।

राजदूत थम्पसनसँगै उनकी धर्मपत्नी जेनी थम्पसन, पिसकोरका नेपाल प्रमुख टोरी कोफ्रोथ तथा पिसकोरका साइट इन्चार्ज राजु कंडेल पनि सिक्लेस पुगेका थिए ।

# सर्वोच्च बारमा पोखरेलको नेतृत्वमा प्यानल घोषणा

**काठमाडौं/मस-**सर्वोच्च अदालत बार एसोसिएनको चुनावमा डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए) र समाजवादी कानुन व्यवसायी संगठन (एसपीएलए) बीच गठबन्धन बनेको छ ।

नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)निकट कानुन व्यवसायीहरूका यी दुवै संगठनले संयुक्त प्यानलसमेत घोषणा गरेका छन् । जसअनुसार डीएलएले अध्यक्षसहित १० सिट प्राप्त गरेको छ । एसपीएलएले उपाध्यक्षसहित ४ सिट प्राप्त गरेको छ । यस प्यानलबाट अध्यक्षका उम्मेदवार डीएलएका वरिष्ठ अधिवक्ता मेघराज पोखरेललाई घोषणा गरिएको छ ।

उपाध्यक्षमा एसपीएलएका अमरबहादुर राउतलाई अघि



सारिएको छ । एसपीएलएबाटै महिला सहसचिवमा पुनदेवी महर्जन 'सृजना' र सदस्यमा दुर्गामोहन श्रेष्ठ, प्रदीप राजवंशी छन् ।

डीएलएबाट सचिवमा रमणकुमार कर्ण, कोषाध्यक्षमा रामचन्द्र पौडेल, महिला सदस्यमा शशि बस्नेत र खुला सदस्यमा इन्द्रशेखर खड्का, प्रदीपकुमार श्रेष्ठ, नागेश्वरप्रसाद चौधरी, निर्मलप्रसाद उपाध्याय, प्रमोद रेग्मी, पुरुषोत्तमप्रसाद लोहनी छन् । सर्वोच्च बारको नेतृत्व चयनका लागि पुस २० गते चुनाव हुँदैछ ।

# राप्तीमा अस्पताल भवन बन्ने

**चितवन/मस-**राप्ती नगरपालिकामा महिला र बालबालिकाका लागि भारत सरकारले अस्पताल निर्माण गर्ने भएको छ । नगरप्रमुख शम्शेर लामा र वीरगञ्जस्थित भारतीय महावाणिज्यदूत डिएस मीनाबीच अस्पताल निर्माण गर्ने विषयमा सहमति भएको हो । चितवन आएको महावाणिज्यदूतको टोलीले प्रारम्भिक विषयमा छलफलसँगै २० करोड रुपैयाँसम्मको अस्पताल निर्माण गर्ने विषयमा सहमति जनाएको नगरप्रमुख लामाले जानकारी दिए । अस्पताल कहाँ र कस्तो निर्माण गर्ने विषयमा नगरपालिकाले छलफल गर्ने उनले बताए । 'अस्पताल निर्माण गर्ने विषयमा दुई पक्षबीच निर्णय भएको छ । थप प्रक्रिया हामी अगाडि बढाउँदै छौं,' उनले भने ।

राप्ती नगरपालिका समथर भूभाग र पहाडी क्षेत्रमा पर्दछ । यसको पहाडी भूभागमा चेपाङ समुदायको बसोबास छ । उनीहरूको लागि अस्पताल अपरिहार्य छ । अतिविपन्न भएकाले टाढा उपचारको लागि जान कठिन हुने गरेको छ ।

दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभाग काठमाण्डौको सूचना**

नेपाल सरकारवाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त संस्था श्री ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT. LTD. (इ.प.नं. १४४०/०७४/०७५) ले यस विभाग समक्षा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ९ स्थित शाखा कार्यालयका शाखा प्रमुख श्री निरज खनाललाई परिवर्तन गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्वन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यस विभागको मिति २०८१/०९/०३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालय प्रमुख परिवर्तन हुने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०४**

म्याग्नोलिअस हिमाल प्रा.लि. को २०८१/०४/३१ गते सम्पन्न वार्षिक/ विशेष/ साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडभेन्चर एक्युट ट्रेक्स एण्ड टुर्स प्रा.लि. (प्रा.लि. नं.: १६९९१४)** कायम गर्ने गरी मिति २०८१/०५/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Vacancy Announcement**

We are hiring for
the following position urgently.

- Receptionist : 2 (FEMALE)
- Operation Manager : 2 (MALE/ FEMALE)
- Public Relation Officer : 4 (2 MALE/ 2 FEMALE)
- Documentation Officer : 4 (MALE/ FEMALE)

★ Minimum +2 Completed.
★ Knowledge of Computer (Word / Excel & other Programmers).
★ Minimum 3 years of Experience in manpower Field.

Salary Negotiable

Drop your CV at : noonresouresources@gmail.com
Contact No. 9801276194, 01-5916778

**NOON RESOURCES PVT.LTD**
Lic.No: 1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal
Email : info@noonresources.com, Website: www.noon resources.com

**Cyprus मा रोजगार** | १. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८१/०९/०१ चलानी नं. ६०२२९७२४ LT.No. 315038

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | साधारण दक्ष | 400 | ५७,११०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी: E.T. Trust Employment, Limassol, Cyprus पूर्व स्वीकृती मिति २०८१।०९।०१, चलानी नं.६०२२९७२५, Lt No.315171

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 05 | - | कामदार दक्ष | 750 | १०७,०७६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | House Boy | 05 | - | | 400 | ५७,११०।- | | | | | | | |
| 3 | Agriculture Worker | 05 | - | | 500 | ७१,३८५।- | | | | | | | |
| 2 | Domestic Worker | - | 10 | | 400 | ५७,११०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८१ पौष ११ गते (26 December, 2024) मेनपावर कार्यालय गोगंबुमा हुनेछ ।

**S.R.C. Job Placement Pvt. Ltd.**
Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

**Chaurjahari Municipality**
**Office of Municipal Executive**
West Rukum, Karnali Province

**क्रुटी सुधार गरिएको सम्बन्धमा सूचना**

**प्रकाशित मिति-२०८१/०९/०४**

मिति २०८१/०९/०३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस Chaurjahari Municipality को Invitation for Bids No.: CJM/WORKS/NCB/08/081/082 सि.न. ६ मा Bid Security amounting to a minimum of NRs. 76500.00 हुनपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
४ पुस २०८१, बिहीबार
19 December 2024, Thursday

## सम्पादकीय

# देउवाले दिनुपर्ने जबाफ

नेपाली कांग्रेसका केही युवा नेताले सम्पर्क कार्यालय नै खोलेर पार्टीको १५औं राष्ट्रिय महाधिवेशन समयभित्रै गर्न दबाब अभियान थालेका छन् । महाधिवेशन गर्न दबाब दिन अनामनगरमा सम्पर्क कार्यालय खोल्नेहरू डा. शेखर कोइराला निकटका हुन् । डा. शेखरले १४औं राष्ट्रिय महाधिवेशनमा सभापति पदमा प्रतिस्पर्धा गरेका थिए । तर, दोस्रो पटक पनि कांग्रेस सभापतिमा शेरबहादुर देउवा निर्वाचित भए । तसर्थ, कांग्रेसमा शेखर संस्थापनइतर पक्षका नेता हुन् । उनी आगामी महाधिवेशनमा सभापति पदका प्रतिस्पर्धी हुनु स्वाभाविक छ । तर, सभापतिको तयारी नगरी महाधिवेशन समयमै गरिनुपर्ने एजेन्डालाई मुख्य माग बनाइएको छ । सम्पर्क कार्यालय नै खोलेर दबाब अभियान सुरू गर्नु भनेको १५औं महाधिवेशन आगामी वर्ष हुनेमा शंका गरिनु हो ।

कांग्रेसको विधानमा हरेक ४ वर्षमा राष्ट्रिय महाधिवेशन गरिने व्यवस्था छ । २०७८ पुसमा १४औं महाधिवेशन भएकाले आगामी वर्ष देउवा नेतृत्वको केन्द्रीय कार्यसमितिको कार्यकाल सकिँदै छ । तर, संविधानले ५ वर्षभित्र महाधिवेशन गरिसक्नुपर्ने व्यवस्था गरेको छ । अझ विशेष परिस्थिति आए महाधिवेशन गर्न थप ६ महिनाको समय प्राप्त हुने छ । यसरी साढे ५ वर्षसम्म कुनै पनि निर्वाचित कार्यसमितिको वैधानिक अवधि हुन सक्छ । सभापति देउवाले यही संवैधानिक व्यवस्थालाई टेकेर पार्टी महाधिवेशन गराउँदैनन् भन्ने इतर पक्षका नेताहरूलाई लागेको छ । दबाब अभियानको अर्थ सभापति देउवामाथि शंका नै हो । देउवाले पार्टीको विधानबमोजिम अब तेस्रो कार्यकाल सभापतिमा उम्मेदवार बन्न नपाउने भएकाले पनि कांग्रेसभित्र शंका धेरै छ किनकि सकेसम्म देउवाले कार्यकाल लम्ब्याउने चाहना राख्ने छन् ।

कांग्रेसमा महाधिवेशनको चिन्ता नयाँ पनि होइन । हरेक सभापतिले सकेसम्म आफ्नो कार्यकाल लम्ब्याउन चाहने गरेका छन् । कार्यकाल लम्ब्याउन विधान मिच्नु हरेक सभापतिको परम्परा जस्तै बनेको छ । कतिसम्म भने, संस्थापनइतरको असहयोग हुने देखेर नेतृत्वले विभागहरूलाई पूर्णता नदिने, नेताहरूलाई परिभाषित जिम्मेवारी नदिने र समयमा भातृ संस्थाहरूको अधिवेशन नगर्नेजस्ता परम्परालाई निरन्तरता दिने गरेका छन् । एक प्रकारले कांग्रेसभित्र लोकतान्त्रिक अभ्यास आंशिक मात्र छ । सभापति जित्नेले विधान बिर्सेर पार्टीमा एकलौटी गर्छ अनि संस्थापनइतरमा रहने पक्षले भने लोकतान्त्रिक अभ्यास मागेर अनेक गतिविधि गर्दै आएका छन् । अहिले सभापति देउवामाथि पनि बलमिच्याइँ गरी बढ्न खोजेको शंका गरिँदै छ । मुलुकमा लोकतन्त्रका निम्ति जीवनभर लडेका देउवाले पार्टीभित्रैबाट गरिएको यस्तो शंकालाई निवारण गर्नुपर्छ– समयमै महाधिवेशन गरेर ।

# विधिको शासनको कल्पना

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

> सिट पाउनासाथ सस्तो लोकप्रियताका लागि निर्देशनका बाढी बगाउने, व्यवहारमा जिरो हुने हाम्रो संस्कार नयाँ भने होइन, क्रमबद्ध निरन्तरता हो । यहाँ ऐन, कानुनको कमी नै छैन, प्रयोग नभएको मात्रै हो । कैयन् मापदण्डहरू छन्, प्रदूषण नगराउने, स्वस्थ जीवनशैली संचालन गर्ने तर माथिदेखि नै त्यसको अवज्ञा गर्ने परम्परा पुरानै हो

सार्वजनिक प्रशासनका सर्वश्रेष्ठ विद्वान् र दार्शनिक लुथर गुलिकले भनेका छन्, 'प्रशासनमा पोस्डकर्व अनिवार्य हुन्छ ।' कुनै पनि राज्यको अभिन्न अंग हो प्रशासनयन्त्र । लोकतन्त्रमा प्रशासनयन्त्र दरिलो भएन भने नागरिकहरूले सेवा पाउन सक्दैनन्, पाए पनि गुणस्तरीय हुन्न, छिटो छरितो रूपमा पनि हुन्न ।

हाम्रो प्रशासनयन्त्रले सेवा दिनेभन्दा निर्देशन दिने काम बढी गरेको छ । संसद् निर्देशन दिने, यसका विभिन्न समितिहरू निर्देशन दिने, राष्ट्रियसभा निर्देशन दिने, स्वयं प्रधानमन्त्री निर्देशन दिँदै हिँड्ने । लोकतन्त्रले बाटो बिराएको छ र यत्रतत्र विरोधका स्वरहरू छन् ।

विगत लामो समयदेखि सत्ताप्रति विरोध भइरहेको छ । पंक्ति तयार गर्दै गर्दा हाम्रा कार्यकारी प्रमुखमाथि अभद्र व्यवहार भएको भिडियो सामाजिक संजालमा भाइरल बनिरहेको छ । सायद, लोकतन्त्र प्रा.लि.मा परिणत भएको परिणाम हो यो ।

प्रशासनका विज्ञ लुथर गुलिकले सिद्धान्त बताउँदै पोस्टकर्वको अवधारणा ल्याए । यसको शाब्दिक अर्थ हुन्छ : प्लानिङ, अर्गनाइजिङ, स्टाफिङ, डिरेक्टिङ, कोअर्डिनेटिङ, रिपोर्टिङ र बजेटिङ । यहाँ हाम्रो प्रशासनयन्त्रका प्रमुखहरूले वा समितिहरूले दिनेजस्तो निर्देशन भने होइन ।

राज्य संचालनमा मूल विधान बन्छ । त्यसो त लोकतन्त्रकै जननी देश बेलायतमा यस्तो लिखित विधान पनि छैन । संविधान, नीति तय हुन्छ, नीतिमा नेतृत्व हुन्छ, प्रणालीले आफैं काम गर्छ, यहाँ जस्तो सरकारी नेटवर्क नै ह्याकिङमा पर्दैन ।

अमेरिका, जापान, बेलायत, इटाली, फ्रान्स, जर्मनी र एसियातिरकै देश चीन, थाइल्यान्ड र पछिल्लो समयमा छिमेकी भारतमा समेत लोकतन्त्रको आदर्श नमुना सक्षम प्रशासनयन्त्र संचालित छ । एसियामा सिंगापुरको उदाहरण, हाल मलेसियाको प्रशासन र अन्य देशहरूको सार्वजनिक प्रशासन राम्रो संचालन भएको र सार्वजनिक प्रशासनले अझ फड्को मार्दै अत्याधुनिक विकास प्रशासनसमेत संचालन भइरहेको छ अहिले । विज्ञान र प्रविधिको उच्चतम प्रयोग र विकासले सबै काम सहज भएको अवस्था छ ।

तर, हामीकहाँ प्रशासन हिजोकै शैलीमा बामे सर्दै छ मात्रै होइन, वर्षौं लगाएर बनाइएका यस्ता संयन्त्रहरू हामी ध्वस्त पार्दै छौं । एउटै भवन, घरमा ५ वटा मन्त्रालयहरूको साइनबोर्ड राखेर आफ्नालाई रोजगारी दिइरहेका छौं र बजेटसमेत ।



सिट पाउनासाथ सस्तो लोकप्रियताका लागि निर्देशनका बाढी बगाउने, व्यवहारमा जिरो हुने हाम्रो संस्कार नयाँ भने होइन, क्रमबद्ध निरन्तरता हो । यहाँ ऐन, कानुनको कमी नै छैन, प्रयोग नभएको मात्र हो ।

कैयन् मापदण्डहरू छन्, प्रदूषण नगराउने, स्वस्थ जीवनशैली संचालन गर्ने तर माथिदेखि नै त्यसको अवज्ञा गर्ने परम्परा पुरानै हो । अर्थमन्त्रीले विकास खर्च बढाउने निर्देशन दिए पहिले पनि र अहिले पनि तर पुँजीगत खर्चको यथार्थ सबैलाई थाहै छ ।

लुथर गुलिकको भनाइ छ, 'योजना, त्यसका लागि संगठन, संगठनका लागि स्टाफहरू, तिनको कार्यदक्षताका लागि तालिम, तिनको समन्वय, च्यानलअनुसारको रिपोर्टिङ र समग्र प्रणाली संचालनका लागि बजेटको व्यवस्था यही नै मूल मर्म र धर्म हो सार्वजनिक प्रशासनको ।'

सार्वजनिक प्रशासनमा निजामती प्रशासनको दायरा विस्तृत हुने र यसैमा अन्य सबैजसो विधि, विधानहरू पर्ने गर्छन् । सेना, प्रहरी, संस्थानलगायतका आफ्नै नियम, कानुन भए पनि समग्र राज्यले संचालन गर्ने मूल प्रवाहभन्दा भिन्न ती हुँदैनन् । तर, हामीकहाँ समस्या छ सधैं समन्वयको, रिपोर्टिङको, संगठन संयन्त्रको, बजेटको । गृहमन्त्रीको नागरिकता नक्कली भयो, पद गयो तर मेसिनरीले के हेरे ?

देश भनौं, समग्र राज्य चल्ने विधिले हो । राजनीतिशास्त्रका दार्शनिक विद्वान्हरू हब्स, लक, रुसोहरूले संसारका लागि धेरै ठूलो योगदान दिए, राजनीति र समाजशास्त्रमा वा सिंगो विधिशास्त्रमा । प्लेटो, एरिस्टोटलहरूको नाम सबैले लिने गरेका छन्, अहिले पनि ।

सन् १२१५ को बेलायतको म्याग्नाकार्टाले नागरिकका हकमा पहिलो पटक धेरै बोलेको थियो भने तेह्रौं शताब्दीका विधिशास्त्री बेलायती ब्राक्टन भन्ने विद्वान्ले राज्य चल्ने, संसार चल्ने कानुनबाटै हो पनि भनेकै हुन् । छोटकरीमा भन्नुपर्दा, भ्रष्टाचारमुक्त समाजमा कानुनको शासन हुन्छ, विधिको शासन हुन्छ । हामी अहिले २१औं शताब्दीमा छौं, कानुनको शासनलाई व्यवहारतः उतार्ने काम बेलायती न्यायमूर्ति सर इड्वार्ड कोकले १६औं शताब्दीमै गरेका थिए ।

पछिल्लो समय सिँगापुरका ली क्वान र चीनका माओ एवं सी चिनफिङ नै भइहाले । सूचनामा सर्वव्यापी पहुँच र राज्यप्रतिको तिनको सेवा भावले नै आज यी सबैको नाम लिन योग्य भएको हो ।

विधिको शासनमा बेलायतले आफ्नो गौरवपूर्ण इतिहास बोकेको छ । सन् १८८५ मा त्यहाँ ए. भी. डायसी भन्ने विद्वान्ले आफ्नो पुस्तक 'ल अफ द कन्स्टिच्युसन'मा विधिको शासनको विवेचना गरे । यसैले हालसम्म बेलायतमा संसदीय सर्वोच्चता छ, त्यहाँ नागरिकहरूको स्वतन्त्रताको संरक्षणका विषयमा न्यायाधीशहरू पनि संसद्का मास्टर हुने गर्छन् ।

नेपालमा विधिको शासन भनिएको पनि ७ दशकभन्दा बढी भइसकेको छ । वि. सं.२००९ को बुच कमिसनदेखि प्रशासनका सुधार र नयाँ आयामहरू स्थापित भइसक्दा पनि देशमा प्रशासनयन्त्र बलियो छैन, प्रशासन संचालन गर्ने कार्यपालिका आफै अस्थिर छ, व्यवस्थापिका कोमामा जाँदै ब्युँतिँदै गर्ने गरेको छ, न्यायपालिका क्षेत्र पनि निकै अस्थिर छ, जहाँ मारपिट नै भयो गत वर्ष ।

हामी आफ्नो उद्देश्य र प्रगतिमा पछाडि छौं, समृद्धिको नारा अधुरो छ । प्रशासन सुधारमा सुरुका प्रयत्नहरू नतिजामुखी प्रशासन र भरपर्दो, क्षमतावान् प्रशासनको सुदृढीकरणमा लागेका भनिए पनि परिणाम आशाप्रद देखिएन ।

आयल निगमको तेलको भाउ घटाउन प्रधानमन्त्रीको आदेश, राहदानीको भीड कम गर्न गृहमन्त्रीको निरीक्षण, महानगरको डोजर कहिले सक्रिय, कहिले निष्क्रिय हुने अवस्थाले देशमा विधिको शासनमा प्रश्न उठेको छ ।

प्रशासन सुधारका कैयन् प्रयास भए, धेरै आयोग बने, तिनले दिएका प्रतिवेदन पुस्तकालयमा रहे । भक्ति गर्दै कतिले आफ्नो दुनो सोझ्याए, जनतालाई परिवर्तनको आभास हुन सकेन बरु करको मारमा परे ।

व्यापार घाटा र ऋणमा डुबेको छ देश । चालू खर्च अधिक र विकासको नाममा गरिने पुँजीगत खर्च कम छ । बिनासूचना कैयन् ठेकेदारहरूले काम अलपत्र पारेको अवस्था छ । अस्थिर राजनीतिले पारेको प्रभावले विधिको शासनमा प्रश्न खडा गरेको छ । कतिले लगातार ८ पटकसम्म राजनीतिक नियुक्ति तिनै प्रशासनका कर्मचारीहरूले पाए, भक्ति गर्न नजान्नेहरू पाखा लागे । हाम्रो प्रशासन परम्परागत छ, प्रतिभामुखी छैन ।

देशमा राजनीतिक संघीयता भित्र्याइयो, प्रशासनिक संघीयता आएन र संघीय निजामती ऐन हालसम्म बनेको छैन । आफ्नै मान्छेहरूलाई छान्दै उच्च तहमा राजपाठका सहयोगी बनाइयो, दलको सरकार बदलिनासाथ अर्कोलाई अछुत गराइयो । कर्मचारीको सेवा निवृत्त हुने बेला भएपछि आकर्षक अन्य पदको लोभ देखाएर राजीनामा दिलाउने, अर्को पदमा क्रमशः राजनीतिक नियुक्ति गर्दै जाने परम्परा बसालियो । योग्यता, विज्ञता र क्षमताको प्रश्नभन्दा पनि भेट र भेटीलाई प्रश्रय दिइयो । राणा शासनमा जस्तै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्यक्षेत्रमा शक्ति पृथकीकरणको सिद्धान्तको आभास हुन सकेन ।

राजाको कुर्सीमा दलको कुर्सी विराजमान भएर उर्दी जारी गरेकै भरमा काम हुन्न । काम गर्ने मान्छेको हात हो या मेसिन, प्रविधि, त्यसको उपयोग गर्न पनि मानव स्वस्थ मस्तिष्क आवश्यक हुन्छ, अस्वस्थकर मनस्थितिले राम्रो परिणाम आउँदैन ।

संसद् परिसरमै इलामका युवकले आक्रोश पोखेका थिए, अहिले आक्रोश सबैतिर छ । धेरै कर्मचारीहरूलाई दलहरूले आफ्नो काममा लगाए । यदि यसो नभन्ने हो भने दलपिच्छेका संघ संगठनहरू किन त ? पेसागत हितका लागि हो भने सम्बन्धित पेसाकै ऐन, नियमहरू छन् । आफ्ना कुरा राख्ने सबैलाई अधिकार हुन्छ नै ।

सरकारी कर्मचारीहरू संघ संगठनमा लाग्नु राम्रो हो भन्ने कम छन् । चाहिन्छ भने एक मात्र राष्ट्रिय स्तरको संगठन हुन सक्ला, जसले सामान्य आफ्नो विज्ञप्तिबाट कुरा राख्ने हो, पाखुरा सुर्कंदै बाध्य पार्ने होइन । राजनीतिक दल भन्नु र कर्मचारी संघ संगठन भन्नु फरक विषय हो । संगठनको काम पनि निर्देशन नै जारी गर्ने हो भनेपछि काम गर्नेचाहिँ को त ?

संगठन आबद्ध नभएका कर्मचारी भेटिँदैनन् । एउटै परिवारका कर्मचारी भए श्रीमान् एकातिर, श्रीमती अर्कातिर, छोरा-छोरी अर्को संगठनतिर लागेर सरुवा, काज, आकर्षक अड्डा मिलाउने काम पनि नभएको होइन ।

अंग्रेजीमा एक उखान छ, 'उपदेश १० वटाभन्दा उदाहरण १ बलियो र राम्रो हुन्छ ।' उपदेश दिँदै जाने तर कार्यान्वयन नहुने अवस्था छ हामीकहाँ । त्यसैले त योजनाका ठेलीहरूले कल्पना गरेका विषय कल्पनामै सीमित छन् ।

८ दशमलव ५ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य गरेको १५औं योजनाले घुँडा टेकायो । आधार वर्षमै माइनसतिर गयो । २००७ सालदेखि धेरै कल्पना गरेको छ देशले तर उल्टो खाडीतिर धकेलिने क्रम र संख्या वृद्धि तर आर्थिक वृद्धि २ दशमलव ५ प्रतिशत औसत मात्र छ । यसमा कति विदेशीको डलर खन्याइयो, कति ऋणको भारी छ, कति व्यापार घाटा छ, कति बेचैनी छ नेपालीहरूलाई महँगीको र बिजुलीको खम्बा हाल्न सात समुद्रपरिका मान्छे आउनुपर्ने, कति अचम्म छ !

भएका उद्योगधन्दा बिक्री गरेर चामल, आटा, मैदा वा सबैथरि किन्ने हामी, कति सौखिन भएका छौं ! यसलाई बगलीबिनाको दौरा नभने के भन्ने त । त्यसैले निर्देशन धेरै भयो । हुकुमी निर्देशनहरू राजाहरूले पनि गरेका थिए । अब राजाको शैलीलाई तोड्न लोकतन्त्र आएको हो भने काम गर्ने हो, गफ होइन ।

## इतिहासमा आज

१९ डिसेम्बर १९२७ मा भारतलाई स्वतन्त्रता दिलाउने सेनानीहरू रामप्रसाद बिस्मिल र असफाक उल्ला खान तथा ठाकुर रोशन सिंहलाई फासी दिइको थियो । यस दिनलाई भारतमा शहादत दिवसका रूपमा मनाइन्छ ।



१९ डिसेम्बर १९५० मा चीनको आक्रमणका कारण तिब्बती आध्यात्मिक गुरु दलाई लामाले तिब्बत छाडेका थिए ।



१९ डिसेम्बर १९८३ मा ओरिजिनल फिफा विश्वकप ट्रफी 'द जुल्स रिमेट ट्रफी' रियो द जेनेरियोमा रहेको ब्राजिलको फुटबल फेडेरेसनको मुख्यालयबाट चोरी भएको थियो ।



१९ डिसेम्बर १९८४ मा चीनका प्रधानमन्त्री जाओ जियाङ र बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरले सन् १९९७ मा हङकङ चीनलाई फिर्ता गर्नका लागि चीन-बेलायत संयुक्त घोषणापत्रमा हस्ताक्षर गरेका थिए ।



## सामाजिक सञ्जाल



**नीलाम्बर आचार्य**

के भयो ? ७ बुँदेले जन्माएको अपेक्षा ठूलो थिएन तर कार्यान्वयनतर्फ बढ्नै सकेन । २ पार्टीमा माथिदेखि तलसम्म संयुक्त अठोट देखिएन, मुलुकका शक्तिहरू परिचालित भएकै पाइएन । ९ वर्षको संवैधानिक अभ्यासको समीक्षातर्फ पाइलै चालिएन । उत्साह देखिएन । ऐतिहासिक अवसर थियो तर के भयो ?

चौथो ठूलो राजनीतिक दलका सभापतिलाई महिनौंदेखि अनुसन्धानकै लागि भनेर हिरासतमा राखिएको छ । अझै बलियो प्रमाण भेट्न सकिएको छैन । तर, देशको प्रधानमन्त्री, गृहमन्त्री, सत्ता साझेदार दलका नेताहरू अनुसन्धानमै रहेका व्यक्तिलाई दोषी करार गर्दै सार्वजनिक ठाउँमा बाइट दिँदै हिँड्या' छन् । नियत प्रस्ट छ ।



**विवश घरेल**



**मन्दिरा**

बिग्रिएका, भत्किएका अरूको जीवन बर्बाद बनाएका स्वार्थ सिद्ध गर्न चलाख, नैतिकता, अनुशासन नभएका, घर परिवारप्रति जिम्मेवार नभएकाहरूले यता आएर ज्ञान पेलेको पटक्कै सुहाउँदैन । असली अनुहारहरू चिनेका पनि हुन्छन्, त्यसैले औकात र हैसियतभन्दा धेरै ठूला कुरा कसैले पनि नगरेको राम्रो । अनुहार सफा हुनुपर्छ ।

कहालीलाग्दो ! १० वर्ष अवधिमा वैदेशिक रोजगारीका क्रममा १० हजार २७४ नेपालीले ज्यान गुमाएका छन् ! समाजवाद, रातो क्रान्ति, नीलो क्रान्तिको हातमा मृतकको रगत रंगिएको छ । यो अदूरदर्शीहरूको सामूहिक अक्षमता र बिफलता हो ।



**निर्मल प्रसाई**

# 'नि:सन्तानपनको समस्या महिलामा मात्र हुँदैन'

*नि:सन्तानको समस्या जो कोहीलाई पनि हुन सक्छ । विभिन्न शारीरिक समस्याका साथै आजभोलि बढिरहेको अस्वस्थ खानपिन, तनावपूर्ण जीवनशैली, प्रदूषणका साथै लागुपदार्थको सेवनले गर्दा यो समस्या व्याप्त छ । नि:सन्तानपनको उपचारमा मुख्यतया औषधोपचार, सर्जिकल प्रक्रिया र सहयोगी गर्भाधान समावेश छन् । कुन दम्पतीमा कुन प्रक्रिया लागू गर्न उत्तम हुन्छ भन्ने कुरा नि:सन्तान उपचार केन्द्रमा गरिएको परीक्षणको आधारमा तय गरिन्छ । तर, सबै दम्पतीहरूको प्रजनन समस्या एउटै नहुने भएकाले नि:सन्तान उपचार प्रक्रिया पनि फरकफरक हुन आउने चिकित्सक बताउँछन् । यस्तै समस्याको कारणसँगै समाधान के छ भनी मध्यान्ह दैनिकका लागि* ***अनु अर्पण र अस्मिता बम****ले स्त्री रोग तथा नि:सन्तानपन विशेषज्ञ* ***डा. स्वाती शर्मा****सँग गरेको कुराकानीको सम्पादित अंश :*

**नि:सन्तानपन के हो ?**

प्रजनन स्वास्थ्यका दृष्टिकोणबाट सन्तान हुन नसकेका दम्पती वा जोडीको अवस्थालाई नि:सन्तानपन भनिन्छ । अथवा, कुनै पनि दम्पतीबीच हरेक दिन परिवार नियोजनका साधनबिना शारीरिक सम्पर्क भएको १ वर्ष भइसकेको छ तर बच्चा भएको छैन भने त्यस्तो अवस्थालाई नि:सन्तानपन भनिन्छ ।

**पछिल्लो समय महिला र पुरुषमध्ये कसमा धेरै नि:सन्तानपनको समस्या देखिने गरेको छ ?**

अहिले आएर त बराबर छ महिला र पुरुषमा । अझै वैदेशिक रोजगारीका कारण श्रीमानहरूमा बढ्न थालेको छ । तनाव, खाना समयमा नखाने, अनुकूल वातावरण नभएका कारण त्यस्तो हुन्छ । ९ महिना पाठेघरमा राखेर बच्चा जन्माउने भएको भएर महिलालाई नै दोष दिने हो । तर, पुरुषमा पनि कतिपय समस्या हुन्छन्, जसले गर्दा उनीहरूमा पनि नि:सन्तानपन हुन्छ ।

> नि:सन्तानपनको समस्या महिलामा मात्र हुन्छ सोच्थे । महिलाकै टेस्ट गरूँ भन्ने धारणा थियो भने अहिलेको समयमा श्रीमान्, श्रीमती सँगै आएर छलफल गरेर दुवैको चेकअप गराउनुहुन्छ । पहिला पुरुषहरूले वीर्यको जाँच गराउन पनि मान्दैनथे भने अहिले मान्छन्

**महिला र पुरुषमा के कारणले नि:सन्तानपन हुन्छ ?**

पाठेघरको दुवै साइडमा नली हुन्छ । त्यो नलीबाट जब अण्डा बन्छ अनि जब नलीले अण्डा टिपेर आफूभित्र राख्छ र शारीरिक सम्पर्क भएपछि वीर्यबाट शुक्रकीट मात्र पाठेघरभित्र गएर नलीसम्म पुगेर अण्डा र शुक्रकीटको मिलन त्यो नलीमा हुन्छ अनि बच्चा बन्दै गएर पाठेघरमा बिउ जस्तै रोपिन्छ । नली बन्द भयो भने अण्डा र शुक्रकीटको मिलन हुँदैन । महिलाको समस्या भनेको नली ब्लक भएर हुने हो ।

त्यसपछि समयमा अण्डा नबनिदिने कारण हो । कि त अण्डाको मात्रा एकदमै धेरै भएर समयमा नबनिदिने, पोलिसिस्टिक वरिज्, कि अण्डाको मात्रा एकदम कम हुने, इन्डोमेट्रेसिसहरूले गर्दा । वंशाणुगत खराबीका कारण अण्डाको मात्रा कम हुने, अण्डाको अपरेसन गरेको छ भने पनि अण्डाको मात्रा कम हुने, हर्मोनको गडबडीले अण्डा नबन्ने कारण र पाठेघर भित्र वा बाहिर मासु पलाउनाले पनि नि:सन्तानपन हुन्छ ।



डा. स्वाती शर्मा, स्त्री रोग तथा नि:सन्तानपन विशेषज्ञ

पुरुषहरूमा चाहिँ अण्डकोषको विकास राम्रोसँग नभएका कारण, हर्मोनको गडबडीले शुक्रकीट नबन्ने या शुक्रकीट त बन्ने तर शुक्रकीट आउने बाटो ब्लक हुने कारणले नि:सन्तानपन हुन्छ । धुम्रपान, मद्यपानले पनि शुक्रकीटको मात्रामा कमी आउने हुन्छ । वंशाणुगत खराबीका कारण पनि शुक्रकीट नबन्ने हुन्छ ।

**अहिले र पहिलेको समयमा नि:सन्तानपन भएका महिलाहरूको धारणामा कस्तो परिवर्तन पाउनुहुन्छ ?**

पहिलाचाहिँ नि:सन्तान भएको महिलासँगै सासु, आमाजू गरी एक हुल भएर आउनुहुन्थ्यो तर श्रीमान् कहिल्यै नआउने । नि:सन्तानपनको समस्या महिलामा मात्र हुन्छ सोच्थे । महिलाकै टेस्ट गरूँ भन्ने धारणा थियो भने अहिलेको समयमा श्रीमान्, श्रीमती सँगै आएर छलफल गरेर दुवैको चेकअप गराउनुहुन्छ । पहिला पुरुषहरूले वीर्यको जाँच गराउन पनि मान्दैनथे भने अहिले मान्छन् ।

**पछिल्लो समय नि:सन्तानपनको समाधान हुन्छ भन्ने कुराहरू पनि आइरहेका हुन्छन् । कस्ता मानिसहरूमा समाधान सम्भव छ ?**

जबसम्म महिलामा पाठेघर छ, तबसम्म सम्भव छ । पुरुषमा भने वीर्यमा शुक्रकीट नदेखिए पनि अण्डकोषमा शुक्रकीट छ भने बच्चा पाउन सक्षम छ । त्यति पनि भएन भने पुरुषको शुक्रकीट नै छैन भने अरूको वीर्य दान लिएर पनि महिलाले आफ्नो अण्डासँग बच्चा बनाउन सक्छन् । डिम्ब महिला-पुरुष दुवैको छैन भने टेस्टटचुब बेबीको माध्यमबाट भ्रुण डोनेसन लिएर बच्चा पाउन सकिन्छ । महिलामा स्वस्थ्य पाठेघर छ भने यसरी नि सम्भव छ ।

**कस्तो प्रकारको टेस्टटचुबमा बढी आकर्षण देखिन्छ ?**

अरूको अण्डा डोनेसन लिएर आएर टेस्टटचुब गर्नेहरूको संख्या धेरै छ ।

**कुन उमेर समूहका लागि टेस्टटचुब उपयुक्त हुन्छ ?**

२२ वर्षदेखि ३५ वर्षबीचको उमेर समूह टेस्टटचुबका लागि उपयुक्त हो । ३५ पछि अण्डाको क्वान्टिटी र क्वालिटी घट्ने भएकाले उपयुक्त मानिँदैन ।

**टेस्टटचुबका लागि खर्च कति लाग्छ ?**

संसारभरिको तुलनामा नेपालमा टेस्टटचुब बेबी सस्तो छ । एउटा टेस्टटचुबका लागि सामान्यतया १ लाख ५० हजारदेखि १ लाख ८० हजार रुपैयाँसम्म खर्च लाग्छ । अण्डा निकाल्नका लागि महिनावारीको २ दिनदेखि इन्जेक्सन लगाउन सुरु गर्छौं । त्यसपछि मान्छेलाई कति इन्जेक्सन लाग्छ, त्यसमा भर पर्छ । मान्छेअनुसार फरकफरक इन्जेक्सन लाग्छ ।

# रोजगार बचतपत्र किन्न आएनन् लगानीकर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जारी गरेको नागरिक बचतपत्र शतप्रतिशत बिक्री हुन लाग्दा पनि वैदेशिक रोजगार बचतपत्रमा भने अझै लगानीकर्ताको चासो न्यून देखिएको छ । गत मंसिर १२ गते जारी भएको दुई अर्ब बराबरको 'नागरिक बचतपत्र-२०८६ (क) कार्यालयका सूचना अधिकारी मुकुन्द पोखरेलका अनुसार बुधबारसम्म एक अर्ब ९० करोड हाराहारीमा खरिदका लागि आवेदन परिसकेको छ ।




यही पुस १४ गतेसम्म बिक्री खुला रहेको नागरिक बचतपत्र सो समय अगावै पूर्ण बिक्री भएर बन्द हुने अवस्था देखिएको उनको भनाइ छ। 'यसअघि न्यून बिक्री हुने नागरिक बचतपत्रमा अहिले लगानीकर्ताको निकै चासो देखियो', उनले भने । नागरिक बचतपत्रको उच्च माग देखिएपनि त्यसभन्दा बढी ब्याज पाईने वैदेशिक रोजगार बचतपत्र भने निकै कममात्र बिक्री भएको छ । 'वैदेशिक रोजगार बचतपत्रमा करिब ८५ लाखको मात्रै आवेदन परेको छ। नागरिकमा वित्तीय साक्षरता र पहुँच कमजोर भएर बचतपत्र बारे जानकारी नहुँदा न्यून बिक्रीको अवस्था आएको हुनसक्छ', सूचना अधिकारी पोखरेलले भने ।

कार्यालयले गत मंसिर १२ गतेबा दुई अर्ब बराबरको नागरिक बचतपत्र-२०८६ (क) र ५० करोड बराबरको वैदेशिक रोजगार बचतपत्र-२०८६ (क) निष्कासन गरेको थियो । यी दुवै पाँच वर्ष अवधिका बचतपत्र हुन् । नागरिक बचतपत्रभन्दा वैदेशिक रोजगार बचतपत्रको ब्याज बढी छ । नागरिक बचतपत्रमा साढे सात र वैदेशिक रोजगार बचतपत्रमा साढे आठ प्रतिशत ब्याज तोकिएको छ ।

पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउने बचतपत्रको ब्याज प्रत्येक छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुने कार्यालयले जनाएको छ। घटिमा १० हजार र बढीमा कूल निष्कासित रकमको सीमामा नबढाई १० हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा बचतपत्र खरिद गर्न सकिन्छ । यी दुवै बचतपत्रको बिक्री यही पुस १४ गतेसम्म खुला छ ।

यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा निकै आकर्षक भए पनि यसको महत्व र फाइदाबारे धेरै नागरिकलाई जानकारी छैन । लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन् । जबकी लगानीका यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण 'बचतपत्र'को चर्चा भने अत्यन्त कम छ। बैंकको मुद्दती निक्षेपभन्दा बढी ब्याज दिने बचतपत्र लगानीका लागि उत्कृष्ट विकल्प हो । तर, यसको प्रचार-प्रसारको अभाव, प्रक्रियागत जटिलता, र दोस्रो बजारको सीमित जानकारीका कारण यो उपकरणप्रति लगानीकर्ता आकर्षित हुन सकेको देखिँदैन ।

बचतपत्र पूर्णरूपमा सुरक्षित लगानी हो । किनकि, यसमा सरकारले मूलधनको 'ग्यारेन्टी' गरेको हुन्छ । साथै, बचतपत्रको ब्याज रकम हरेक छ महिनामा खरिदकर्ताको बैंक खातामा सिधै जम्मा हुन्छ । यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिन्छ। दोस्रो बजारमा सहजै कारोबार हुने तथा बचतपत्र धारकले जुनसुकै बेला बेच्न चाहेको बखत बैंक तथा वित्तीय संस्थाले किन्नुपर्ने बाध्यात्मक व्यवस्था छ । बचतपत्रलाई तत्काल तरलतामा रूपान्तरण गर्न सकिन्छ। अर्थात् आफूले खरिद गरेको बचतपत्र चाहेको समयमा तत्कालै बेच्न सकिन्छ ।

नेपालमा वित्तीय साक्षरताको कमी नै बचतपत्रप्रति कम आकर्षण हुनुको मुख्य कारण हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत् सहजै कारोबार गर्न सकिने भए पनि धेरैजसो नागरिकलाई यी माध्यमको प्रयोगबारे प्रस्ट जानकारी छैन । आम नागरिकले आफ्नो बचतलाई सुरक्षितरूपमा परिचालन गर्न सकिने साधनका रूपमा बचतपत्रलाई बुझ्न सकेका छैनन् ।

## आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्न आग्रह




**काठमाडौं/मस-** नेपाल चेम्बर अफ कमर्सले आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखेर काम गर्न विभिन्न देशका लागि नियुक्त नेपाली राजदूतहरूलाई अनुरोध गरेको छ । नेपाल चेम्बर अफ कमर्सले बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले देशमा वैदेशिक लगानी भित्र्याउन तथा निर्यात सहजीकरणका निम्ति आर्थिक कूटनीतिलाई पहिलो प्राथमिकतामा राख्न आग्रह गरे ।

मुलुकको दिगो आर्थिक विकासका लागि आर्थिक कूटनीति महत्वपूर्ण हुने उल्लेख गर्दै उनले यहाँ उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै पर्यटन, जलस्रोत, कृषि, भौतिक पूर्वाधारलगायत क्षेत्रमा विदेशी लगानी आवश्यक छ भने ।

त्यस अवसरमा बेल्जियमका लागि नवनियुक्त राजदूत सेवा लम्साल, अष्ट्रेलियाका लागि चित्रलेखा यादव, डेनमार्कका लागि सुम्निमा तुलाधर, रुसका लागि डा जंगबहादुर चौहान, दक्षिण अफ्रिकाका लागि कपिलमान श्रेष्ठ, पोर्चुगलका लागि प्रकाशमणि पौडेल, श्रीलंकाका लागि डा. पूर्णबहादुर नेपाली, मलेसियाका लागि डा. नेत्रप्रसाद तिम्सिना र स्पेनका लागि सनील नेपालको उपस्थिति थियो ।

## विद्युत् प्राधिकरणको संचालक समितिमा पराजुली र केसी



**काठमाडौं/मस-** नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिमा डा. बलबहादुर पराजुली र लक्ष्मण केसी नियुक्त भएका छन् । उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले संखुवासभा मकालु गाउँपालिका-३ का डा.पराजुली र धादिङ गंगा जमुना गाउँपालिका-५ का केसीलाई सञ्चालक समिति सदस्यमा नियुक्त गरेका हुन् ।

डा. पराजुलीलाई नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (३) को खण्ड (ङ) बमोजिम विद्युत् उपभोक्ता मध्येबाट र केसीलाई नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (३) को खण्ड (च) बमोजिम दुई जनालाई सदस्यमा नियुक्त गरिएको हो । दुवैजनालाई चार वर्षका लागि सञ्चालक समिति सदस्य पदमा मनोनित गरिएको छ। जलस्रोत क्षेत्रमा विद्यावारिधी गरेका नवनियुक्त डा. पराजुली प्राध्यापनका साथै जलविद्युत् उत्पादन क्षेत्रमा परामर्शदाताका रूपमा लामो समयदेखि काम गर्दै आएका छन् ।

यस्तै डा. पराजुलीले एशियाली विकास बैंकमा समेत परामर्शदाताका रूपमा काम गरेका छन् । अमेरिकाबाट सिभिल ईन्जिनीयरिङमा स्नातकोत्तर गरेका केसी विगत दुई दशकदेखि विकास र ईन्जिनीयरिङ क्षेत्रमा काम गर्दै आएका छन् ।

## धनगढीमा 'बजाज प्लाटिनाको माइलेज च्याम्पियन' हुने

**काठमाडौं/मस -** कैलालीको धनगढीमा 'बजाज माइलेज च्याम्पियन' हुने भएको छ। कम्पनीकाअनुसार बजाज कम्पनीको प्लाटिना मोटरसाइकलको उच्चतम माइलेज क्षमता प्रदर्शन गर्न माइलेज च्याम्पियनको आयोजना गरिएको हो ।




धनगढीको चटकपुर चोक अन्तर्गत ट्रक व्यवसाय भवनमा आगामी शुक्रबार सो कार्यक्रम गरिने कम्पनीले जनाएको छ । यो कार्यक्रमले बजाज प्लाटिनाको इन्धन बचत र भरपर्दो विशेषताहरूलाई झल्काउनुका साथै चालकहरू बिच मैत्रीपूर्ण प्रतिस्पर्धाको भावना प्रवर्द्धन गर्ने विश्वास आयोजकको रहेको छ।

कार्यक्रममा जो कोही मोटरसाइकल चालकहरूले सहभागीता जनाउन सक्नेछन् । माइलेज च्याम्पियनमा सहभागी चालकहरूले तोकिएको इन्धन मात्रामा सबैभन्दा धेरै दूरी तय गर्ने लक्ष्य सहित प्रतिस्पर्धा गर्नेछन्। कार्यक्रमले बजाज प्लाटिनाको इन्धन दक्षता र विश्वासनीयतालाई उजागर गर्ने कम्पनीको दाबी छ ।

बजाजका मोटरसाइकलहरू मध्येमा पनि प्लाटिना मोटरसाइकल अधिकतम माइलेज दिने मोटरसाइकलमा पर्दछ । पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै आम ग्राहकवर्गमा यो मोटरसाइकल अत्याधिक लोकप्रिय छ। यो मोटरसाइकलको विशेषता, माइलेजबारे जानकारी दिन यस च्याम्पियनको आयोजना गरिएको बजाजका एरिया सेल्स म्यानेजर रबिन खत्रीले बताएका छन् ।

प्लाटिना मोटरसाइकलको किफायती बारेमा उक्त कार्यक्रमबाट आम उपभोक्तामा जानकारी हुने कम्पनीको विश्वास रहेको छ । च्याम्पियनमा आम ग्राहकवर्गलाई पनि सहभागी हुनका लागि अनुरोध गरिएको र माइलेज च्याम्पियनमा सहभागी उत्कृष्टलाई पुरस्कृत गरिने कम्पनीले जनाएको छ ।

## 'एमजी विन्टर कार्निभल' पुस ५ गतेदेखि हुँदै

**काठमाडौं/मस -** एमजी मोटर्सको नेपालका लागि आधिकारिक वितरक पारामाउन्ट मोटर्सले 'विन्टर कार्निभल-२०२४' आयोजना गर्ने भएको छ। पुस ५ गतेदेखि ७ गतेसम्म काठमाडौंमा आयोजना हुने उक्त कार्निभलमा एमजी सहित माज्दा, म्याक्सस र वुलिङ ब्रान्डका कार प्रदर्शन गरिने बताइएको छ ।




एमजी विन्टर कार्निभलमा ग्राहकले आँफूसँग भएको पुरानो गाडी दिएर एमजी, माज्दा, म्याक्सस र वुलिङको जनुसुकै कार सकिने कम्पनीले जनाएको छ । यसरी सट्दा गर्दा १० लाखसम्म रूपैयाँको एक्सचेन्ज बोनस पाइनेछ । कार्यक्रमस्थलबाटै गाडी खरिद गर्न चाहने ग्राहकका लागि तत्कालै फाइनान्स सुबिधा उपलब्ध हुने जनाइएको छ ।

यसैगरी, सहभागीले टेष्ट ड्राइभ, म्युजिक पर्फमेन्स, फुड एन्ड स्न्याक्स र विभिन्न मनोरन्जनात्मक कार्यक्रम पनि हुने बताइएको छ । बच्चाका लागि छुट्टै किड्स प्ले जोनको समेत व्यवस्था मिलाइएको छ। कार्यक्रमको प्रमुख आकर्षणका रूपमा शनिबार हुने जारी नेपाल प्रिमियम लिगको फाइनल म्याच कार्यक्रमस्थलबाटै लाइभ हेर्न सकिने कम्पनीको भनाइ छ ।

## एनएमबि र यूएसएआईडीद्वारा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

**काठमाडौं/मस -** एनएमबि बैंकले संयुक्त राज्य अमेरिकाको एजेन्सी फर इन्टरनेशनल डेभलपमेन्ट (युएसएआईडी)सँगको सहकार्यमा पोखरामा साना तथा मझौला उद्यम तथा लघु, साना तथा मझौला उद्यमहरू वृद्धि गर्न डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना सम्पन्न गरेको छ ।

एनएमबि क्यूआर लोनको जानकारी लगायत पर्यटन

NMB BANK एनएमबि बैंक

उद्यमीहरूलाई डिजिटल भुक्तानी प्रणालीको निर्णायक भूमिका र व्यवसायको वृद्धि र दिगोपन बढाउन उपलब्ध विभिन्न सेवाहरू र मार्केटिङ प्रविधिहरूबारे जानकारी गराउनमा कार्यक्रम केन्द्रित थियो । बैंकका अनुसार कार्यक्रममा विभिन्न उद्योगबाट ८० भन्दा बढी उद्यमी सहभागी भई छलफलमा संलग्न भएको बैंकले जनाएको छ ।

## अंग्रेजी नयाँ वर्षमा पोखरा सडक महोत्सव

**काठमाडौं/मस-** पर्यटनको राजधानी पोखरामा पुस १३ देखि १७ गतेसम्म २६औँ पोखरा सडक महोत्सव हुने भएको छ। रेष्टुराँ एण्ड बार एसोसिएसन (रेवान) पोखराले आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अग्रेजी नयाँ वर्षको अवसरमा महोत्सव आयोजना गर्ने भएको हो ।



'सडकमै खाऔं, सडकमै रमाऔं' भन्ने नाराका साथ पोखराको लेकसाइड क्षेत्रको करिब तीन किलोमिटर क्षेत्रमा महोत्सव हुँदैछ । कला संस्कृति प्रवर्द्धन गर्न, स्थानीयस्तरमा उत्पादित सामग्रीलाई बजारीकरण र त्यसको प्रचारप्रसार तथा ब्राण्डिङ गराउने एउटै थलोका रूपमा पोखरा सडक महोत्सवलाई लिइन्छ । रेवानका केन्द्रीय अध्यक्ष संघर्ष विष्टले सडक महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनका साथै विदेशी पर्यटकको बसाइ लम्ब्याउन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

महोत्सवले स्थानीय पर्यटनमा नेपाली उत्पादनलाई प्रोत्साहन र विश्व बजारमा पुऱ्याउन पनि मद्दत पुग्ने बताए। अध्यक्ष विष्टले विभिन्न नेपाली खाना, जातीय भेषभूषा र परम्परागत संस्कृतिको प्रदर्शनले समग्र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने बताए । समग्रमा सडक महोत्सव स्थानीयस्तरमा आर्थिक गतिविधि चलायमान, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना गर्ने दरिलो माध्यम बनेको महोत्सवका संयोजक विकास भट्टराईले बताए ।

विगत २५ वर्षदेखि निरन्तर रूपमा हुँदै आएको पोखरा सडक महोत्सव देशकै ठूलो महोत्सवका रूपमा रहँदै आएको छ । गत वर्षमात्र पाँच लाख स्वदेशी तथा विदेशी पर्यटकले सडक महोत्सवको अवलोकन गरेका थिए ।

**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Invitation for Bids**

**Ghodaghodi Municipality**
**Office of Municipal Executives**
**Kailali, Sudurpaschim Province**
**Invitation for Bids No: As per CDT**
**Date of publication: 2081/09/04 (12/19/2024)**

1. Ghodaghodi Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of as Per CDT under National Competitive Bidding procedures. The estimated amount for the works is as Per CDT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Website ghodaghodimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

**CDT**

| Contract no./ID | Description of Works | Total Estimated Amount (With Vat) NPR | Bid Security Amount (NPR) | Bid Document Fee (NPR) |
|---|---|---|---|---|
| GMUN/WORKS /05/081/082 | Ghodaghodi Mandir chhetra ma Gaushala Nirman | 35,26,203.92/- | 90,000/- | 3000/- |
| GMUN/WORKS /06/081/082 | R.K.D Agri Firm Janey Sadak Nala Sahit 307 Meter Pitch Project | 39,28,682.95/- | 1,10,000/- | 3000/- |
| GMUN/WORKS /07/081/082 | Simthari Maghi Home Stay Hudai Gaidakheda Janey Sadak Kalopatre Ward No. 4 | 1,49,54,461.13/- | 4,05,000/- | 3000/- |
| GMUN/WORKS /08/081/082 | Thebai Jhirokha Sikharjhala Janey Bato Kalopatre Ward No. 9 ra 10 | 1,49,47,012.30/- | 4,05,000/- | 3000/- |

**Chief Administrative Officer**